# धर्मकीर्ति

धर्मकीर्ति

The Dharmakirti



पितृ घातक अजात शत्रु मानसिक शान्ति प्राप्त गर्नका लागि कार्तिक पूर्णिमाका दिन आम्रवनमा रहनुभएका भगवान् बुद्धको शरणमा आइपुग्दाको दृष्य

वर्षः ४१, अङ्कः ८

बु.सं. २५६७, सकिमना पुन्हि

# प्रव्रजित गुरुमांहरूबाट उपासक केशरी सिं र सुभद्रा सिंको आयु आरोग्य एवं निरोगी कामना गरी दिनभर महापरित्राण पाठ



सामूहिक पाठ गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमां प्रमुख अन्य गुरुमांहरू


सरणागमन- मेत्त सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू वण्णवती र सुवण्णवती



खन्ध सुत्त - धजग्ग सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू पञ्ञावती र जवनवती


महाकस्सपत्थेर बोज्झङ्ग सुत्त - गिरिमानन्द सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू अमता र क्षान्तिवती


धम्मचक्कप्पवत्तन सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू केशावती र शुभवती



महासमय सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू केशावती र खेमावती


आलवक सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू अनुपमा, केशावती र त्यागवती


पराभव सुत्त - वसल सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू खेमावती र दानवती


सच्चविभङ्ग सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू श्रद्धावती, त्यागवती र ईन्दावती


आटानाटिय (क) सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू दानवती र मेत्तावती



आटानाटिय (ख) सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू अनुपमा, खेमावती, मेत्तावती र दानवती

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६७
नेपाल सम्बत् ११४४
इस्वी सम्बत् २०२३
बिक्रम सम्बत् २०८०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


**27th NOVEMBER 2023**

| वर्ष- ४१ | अङ्क- ८ | सकिमना पुन्हि | मंसिर २०८० |
|---|---|---|---|





आकासे च पदं नत्थि – समणो नत्थि बाहिरे
पपञ्चाभिरता पजा – निप्पपञ्चा तथागता

आकाशे छुं रेखा मदु थें जिगु शासन पिने मार्गफल प्राप्त या:पिं श्रमणपिं मदु, लोकजनपिं फुक प्रपञ्चे भुले जुयाच्वंपिं खः। तथागत प्रपञ्च मदय्‌छुंकूम्ह खः।

आकाशमा केही चिन्ह नभए झैं मेरो शासन बाहिर मार्गफल प्राप्त गरेका श्रमणहरू छैनन्। लोकजन सबै प्रपञ्चमा भुलिराखेका हुन्छन्। तथागत प्रपञ्च रहित हुनुहुन्छ।

There is no track in the sky. No Sramana outside the true path. Man delights in vanity. The Tathagatas have over come these obstacles.

## विषय-सूचि

| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय "भयभीत अजातशत्रु" | – स.ना.गो., अनु. वीर्यवती गुरुमां | २ |
| ३) | सम्पादकीय- "शत्रुभावले होइन मैत्रीभावले मात्र जितिन्छ" | – | ३ |
| ४) | भगवान् बुद्धले धर्म सिकाउनु भयो न कि बौद्धधर्म | – स.ना.गो. | ४ |
| ५) | सम्राट अशोक | – आचार्य भिक्षु अमृतानन्द | ८ |
| ६) | स्नेही छोरी–१२ "अन्तिम पछ्याइ" | – बर्मी भिक्षु र वे थ्वं महास्थविर | ११ |
| ७) | छन्हु सिनावले मानिगु थ्व जीवन | – नातीकाजी महर्जन | १२ |
| ८) | भगवान् बुद्धले आयुष्मान् राहुललाई देशना गर्नुभएको शिक्षा | – वीर्यवती | १३ |
| ९) | आफूलाई आफैं | – विद्याकुमारी बज्राचार्य | १६ |
| १०) | Reuse, Reduce, Recycle Old Robe (CIWAR) | – Lekh Ratna Shakya | १७ |
| ११) | धर्मकीर्ति समाचार | – | १८ |

*आवरण चित्र परिचय*

# भयभीत अजातशत्रु

**– आचार्य सत्यनारायण गोयन्का**

**अनुवादः वीर्यवती**

राज्य सम्पदा प्राप्त भइसकेपछि पनि पितृ-घातक अजातशत्रुलाई मानसिक शान्ति प्राप्त हुन सकेन। कार्तिक पूर्णिमाको रात थियो। आकाश र धरतीमा चन्दमाको रोशनी फैलिराखेको थियो। महाराज आजतशत्रु उसका मन्त्रीजन र दरवारियाहरू सहित महलको माथि खुल्ला छतमा बसिरहेका थिए। रमणीय, सुन्दर, दर्शनिय, प्रसन्नता, प्रदायिनी सुलक्षणी चाँदनी रात थियो, जुन वातावरणले सबैको मन प्रफुल्लित पारिराखेको थियो। तर पितृ हत्या गर्ने अजात शत्रुलाई भने कति पनि मानसिक शान्ति प्राप्त भइराखेको थिएन। ब्याकुल भइराखेको उसको चित्तले कोही शन्तको संगत गरी शान्ति प्राप्त गर्न तडपिराखेको थियो।

उसका मन्त्रीहरूले एक-एक गरी त्यस समयका ६ जना प्रसिद्ध धर्म गुरुहरूको नाम प्रस्तुत गरे। तर अजातशत्रुले यी ६ जना नै गुरुहरूसँग भेटिसकेका थिए। यिनीहरूसँग भेटेर पनि उनलाई शान्ति प्राप्त हुन सकेको थिएन। त्यसैले उसले यी प्रस्तावहरू प्रति चुप लागे र मौन रहे। दरवारमा राजबैद्य जीवक पनि थिए। उनी पनि मौन नै रहे। महाराज अजातशत्रु भगवान् बुद्धसँग सत्संगत गर्न चाहन्थे। त्यसैले उनले भगवान् बुद्धका परम शिष्य जीवकको तर्फबाट भगवान् बुद्धसंग संगत गर्ने प्रस्ताव आवस् भन्ने चाहना राख्दै थिए। त्यसैले उनले भगवान् बुद्धसँग सत्संग गर्ने प्रस्ताव राख्नका लागि जीवकलाई उक्साउँदै यदि जीवकले राजालाई भगवान् बुद्ध समक्ष लाने प्रस्ताव राखे यस प्रस्ताब स्वीकार गर्ने मनसाय व्यक्त गरियो। त्यसैले जीवकले राजाको यस इच्छा पूरा गरिदिने वचन व्यक्त गर्दै उक्त समय भगवान् बुद्ध बाह्रसय पचास भिक्षुहरूका साथ आँपको बगैंचामा विहार गरिरहनु भएको सूचना पनि जानकारी गराए र महाराज त्यहीं सवारी हुनको लागि अनुरोध गरे।

अजातशत्रुलाई यही प्रस्तावको प्रतिक्षा थियो। उनी भगवान् बुद्ध समक्ष जानको लागि तुरुन्त तयार भए। आफ्ना परिवारका साथ उनी सजाइएको हात्तीमाथि चढी मशाल वाली यसको प्रकाशको सहारालिई जीवकका साथ आम्रवन तर्फ प्रस्थान गरे।

जब राजा आम्रवन नजिक पुगे, तब उसलाई अकस्मात डर र हडबडाहतको महशूस हुन थाल्यो। मनमा एक प्रकारको भय महशूस हुँदै जीउको रौं ठाडो हुन थाल्यो। उसले आफूलाई कुनै जालमा फसिएको

( क्रमशः पेज १५ मा हेर्नुहोला )

## ▪ सम्पादकीय ▪

# शत्रुभावले होइन मैत्रीभावले मात्र जितिन्छ

**नहि वेरेन वेरानि सम्मन्तिध कुदाचनं**
**अवेरेन च सम्मन्ति एसधम्मो सनन्तनो**

अर्थात्–

वैरभावले वैरभाव कहिले पनि शान्त हुनेछैन। मैत्रीयुक्त प्रेमभावले मात्र वैरभाव शान्त हुन सक्छ। यही सनातन देखि चलि आएको नियम हो।

माथि उल्लेखित बुद्धवचन भगवान् बुद्धले श्रावस्ती स्थित जेतवन विहारमा रहनुहुँदा काली नाम गरेकी एक महिलाको बदला लिने स्वभाव हटाउनको लागि बताउनु भएको हो। भगवान् बुद्धले उक्त महिलाको लागि बताउनु भएको यस शिक्षा हामी जस्तो ज्ञान छिप्न नपाएका कमजोर बुद्धि भएका सबैलाई ज्ञानवर्द्धक भइरहेको छ।

किनभने जसले आफ्नो मनको स्वभाव चिन्न सक्छ, चिन्न खोज्छ, उसले संसारलाई जित्न सक्छ, तर जुन व्यक्ति आफ्नो कलुषित मनको गुलाम बनिरहेको हुन्छ,उ चक्रवर्ति राजा नै भए पनि पराजित नै ठहरिन्छ। त्यसैले चक्रवर्ति सम्राट अशोकले जब आफ्नो मनको कलुषित स्वभावलाई चिन्नसके तब मात्र शस्त्र परित्याग गरी आदर्शमय जीवन बिताउन सफल भए। उनले पनि बुद्ध शिक्षा सिक्ने मौका पाएपछि मात्र आफूलाई सुधार्न सफल भएको थियो। फलस्वरूप चन्द अशोकबाट धर्म अशोक उपाधि हासिल गर्न सफल भए। त्यसैले साँचो विजय तब हासिल गर्न सकिन्छ, जब आफ्नो गलती र कमी कमजोरीलाई आफैंले महशूस गरी फेरि त्यस्तो गलती दोहऱ्याउन नदिन सतर्क रहन सक्नेछ।

यसरी नै मिथ्या धारणाले ग्रसित, हिंस्रक अंगुलिमाललाई राजा प्रसेनजीतले सैनिक र हातहतियार प्रयोग गरी दमन गर्न खोजियो। तर त्यही समय भगवान् बुद्धले उहाँको मैत्री एवं करूणा चित्तयुक्त वचनले दिनुभएको शिक्षाले वेहोशी बनिरहेका अंगुलिमालको दानविय भावना र मिथ्या धारणा हटाईदियो। उसले आफ्नो गलती र कमजोरी महशूस गर्न सक्षम भई भगवान् बुद्ध समक्ष आत्मालोचना गरी क्षमा माग्न थाल्यो। यसरी असंख्य व्यक्तिका हत्यारा अंगुलिमालको हृदयमा हिंसा होइन धर्मचित्तले स्थान लियो। दानवबाट मानव बन्न सफल भए उ। धर्म अभ्यास गर्दै उसले आफ्नो जीवन अरूको सेवा कार्यमा जुटाई मानसिक शान्ति प्राप्त गर्न सफल भए।

यसरी भगवान् बुद्धले कलुषित एवं स्वार्थ चित्तको गुलाम बनिरहेका खुँखार व्यक्तिलाई असल एवं इमान्दार व्यक्तिमा परिणत गरी विजयी बन्नु भएको थियो। त्यसैले कसैलाई जित्नको लागि हतियार, प्रयोग गरी डर र त्रास देखाउँदै, बदला लिने नियतले र छलकपट गरेर होइन, मैत्री एवं करूणायुक्त व्यवहारले उनीहरूको मन परिवर्तन गर्न सकेमा मात्र साँचो जीत ठहरिने रहेछ। यस्तो विजय कहिले पनि पराजयमा परिणत हुन सक्दैन।

बुद्ध शिक्षाले हिंसा र बदलाको भावनालाई स्थान दिएको छैन। किनभने क्रोध र बदलाले बलेको आगोमा घ्यू थप्ने सहयोग गर्छ। फलस्वरूप त्यस्तो स्थितिले अशान्तिको आगोलाई झन दन्काई दिन्छ। हिंसा र क्रोधको आगोलाई मैत्री र करूणा भावले निभाउन सकेमा मात्र सफल विजयी बन्न सकिनेछ। यसरी विजयी बन्नको लागि हामीले बुद्ध शिक्षा अभ्यास गर्दै अगाडि बढ्न सकौं।

भवतु सब्ब मंगलम्।



# भगवान् बुद्धले धर्म सिकाउनु भयो न कि बौद्धधर्म

✍ **सत्यनारायण गोयन्का**

लगभग पच्चीस वर्ष पहिला जब म अमेरिकामा धर्म सिकाउनका लागि गएको थिएँ तब कसैले मेरो अन्तरवार्ता लियो र सोध्यो कि तपाईले आजसम्म कतिजनालाई बौद्ध बनाउनु भयो ?

– मैले उत्तर दिएँ – एकजनालाई पनि छैन ।

यसपछि सोध्यो के तपाई बौद्धधर्म सिकाउनु हुन्न ?

– बिल्कुल होईन ।

त्यसो भए तपाई बौद्ध होईन ?

– बिल्कुल होईन ।

यस प्रश्नको जवाफ सुनेर प्रश्नकर्ता छक्क पऱ्यो र त्यसको समाधान गर्दै बताएँ कि भगवान बुद्धले एक व्यक्तिलाई पनि बौद्ध बनाउनु भएन । न बौद्धधर्म सिकाउनु भयो । म उहाँको अनुयायी हुँ भने मैले कसरी कसैलाई बौद्ध बनाउन सक्छु ? र आफैले आफैलाई बौद्ध भन्न सक्छु र ?

भगवान बुद्धले मानिसहरूलाई धर्म सिकाउनु भयो र धार्मिक बनाउनु भयो । मैले पनि उहाँको चरणचिन्हमा हिँड्दै मानिसहरूलाई धर्म सिकाउने गरेको छु ।

मैले उपरोक्त प्रश्नको उत्तरस्वरुप दिएको सल्लाह जब मेरो जन्मभूमि बर्मामा पुग्यो तब त्यहाँका प्रमुख भिक्षुहरूको मनमा म प्रति दुर्भावना जाग्यो । उहाँहरूको भनाई थियो कि यहाँबाट बौद्धधर्म सिकेर गयो र अब आफ्नै कुनै धर्म सिकाउन थाल्यो ।

उहाँहरूको यस आलोचनाले म धेरै पिडित भएँ तर पनि मैले गर्ने के ? बर्मामा गएर उहाँहरूलाई सम्झाउने मलाई प्रतिबन्ध लगाएको थियो । जब म बर्माबाट भारतमा धर्म सिकाउनका लागि आएँ, तब बर्मी नागरिक भएको कारणले बर्मी पासपोर्ट लिएर आएँ । यस पासपोर्टमा सरकारले केबल भारतको लागि मात्र इन्डोर्समेन्ट दिएको थियो, जसको मतलब भारत बाहेक अन्य मुलुकहरूमा यात्रा गर्न सक्दैनथें । मैले यस नियमलाई कडाईकासाथ पालन गरें । म छिमेकी देश नेपालमा पनि गएन, जहाँ भारतीय भएको नाताले बिना पासपोर्ट जान सक्दथें ।

पुरातन भविष्यवाणी थियो कि भगवान बुद्धको प्रथम शासन पछि उहाँको कल्याणी शिक्षा भारत फर्किनेछ । त्यहाँका मानिसहरूले सहर्ष स्वीकार्ने छन् । त्यसपछि यस विद्या सारा विश्वमा फैलिने छ । मेरो गुरुदेव सयाजी ऊ बा खिनको यही प्रवल धर्मकामना थियो कि भारतमा विपश्यना सिकाए पछि विश्वका अन्य देशमा गएर यसको प्रचार प्रसार गरोस् । फेरि पासपोर्टको यस बाधाको कारण म भारत छोडेर अरु कहिं पनि जान सक्दैनथें ।

मैले स्थानीय बर्मी दुतावासमा अपील गरेथें कि म प्रतिको यो प्रतिबन्ध हटाई दिनुस् । तर पनि ऊ असमर्थ थियो । यसरी गर्न सकिराखेको थिएन यसैले मेरो आवेदनपत्र बर्मी सरकारले रंगुन पठाई दियो । त्यहाँ बर्मामा सैनिक सरकारको अवकाश प्राप्त विदेशमन्त्री ऊ ती हान जो घनिष्ठ मित्र थियो र तत्कालीन प्रधानमन्त्री कर्णेल माँ माँ पनि मेरो मित्र थियो म उनीसंग दुईपटक सरकारी डेलिगेशनमा विदेश गएको थिएँ । उहाँ परिचित मात्र होईन कि घनिष्ठ मित्र पनि थियो तर चाहेर पनि सरकारी नियम अनुसार मेरो पासपोर्टमा अन्य मुलुकका लागि इन्डोर्समेन्ट हुन सकेन । अतः दुबैले मलाई सुझाव दिए कि मैले बर्माको तत्कालीन राष्ट्राध्यक्ष जनरल नेविनलाई सीधै आवेदन दिनु र उनीहरू दुबैले यसको समर्थन गर्नेछन् र काम बन्नेछ । परन्तु यो प्रयास पनि असफल नै रह्यो ।

पूज्य गुरुदेवको आदेश अनुसार मैले यो दृढ निश्चय गरेर राखेको थिएँ कि भारतमा दशवर्षसम्म धर्मसेवा गरेपछि विश्वको अन्य देशहरूमा धर्मचारिकाको लागि

अवश्य निस्कने छु । परन्तु यो सम्भव हुने नदेखेर मेरो लागि यही एउटा उपाय रह्यो कि मैले आफ्नो नागरिकता बदलेर भारतीय नागरिकता ग्रहण गरुँ जसबाट मलाई भारत सरकारबाट भारतीय पासपोर्ट प्राप्त होस् र म कहिँ पनि धर्मचारिकाका लागि जान सकुँ । मैले यही गरेँ ।

यसलाई लिएर एउटा अर्को कठिनाई सामना गर्नु पऱ्यो । त्यस समय बर्मी सरकारको एउटा नियम थियो कि यदि कोही बर्मी नागरिक बाहिर गएर आफ्नो नागरिकता बदलेमा त्यसलाई बेइमान मानिने छ । त्यसलाई देशमा आउनलाई कहिले पनि इन्ट्रीभिसा दिइने छैन । यदि इन्ट्रीभिसामा आयो भने एअरपोर्टमा नै हवाईविमानमा बसिरहनु पर्नेछ । त्यसलाई तल ओर्लन दिइने छैन ।

यो अत्यन्त दुःखद् स्थिति थियो । म आफ्नो जन्मभूमि र धर्मभूमिमा प्रवेशसम्म पनि गर्न सक्दिनथें । स्थिति अरु धेरै दुःखको कारण भयो कि त्यहाँका प्रमुख भिक्षुहरूले मेरो धेरै विरोध गर्न शुरु गरे कि अब म न बौद्ध रहें न बौद्धधर्मको शिक्षा दिने । उनीहरूको शङ्काको समाधान गर्नको लागि मसंग धेरै सामाग्रीहरू थिए तैपनि म असमर्थ थिएँ । किनभने म त्यहाँ जान सक्दिनथें तब पत्राचारबाट यी सबै शङ्काको समाधान कसरी गर्न सक्छु र ?

शौभाग्यबश बर्माका राष्ट्राध्यक्ष डा. माँ माँ अवकाश प्राप्त गरेपछि भारत आउनु भयो । यहाँको बर्मी दुतावासमा उसकी छोरी नोकरी गर्दै थिई । उनले आफ्नो बाबुलाई बताइन् कि बर्माको कुनै गोयन्का यहाँ र विश्वमा धर्मप्रसारण कार्यमा धेरै सफलतापूर्वक काम गरीराखेको छ । फेरि उसले त्यसलाई कुनै अलग धर्म बताउँछ । डा. माँ माँ ले रंगुनमा हुँदा नै मेरो कडा निन्दा सुनेका थिए । त्यसैले ऊ आफ्नी छोरी र पत्नीलाई लिएर मलाई भेट्न जयपुरमा आए । जुन कुरालाई लिएर म्यानमारमा मेरो निन्दा भइराखेको थियो त्यस विषयलाई लिएर उसले मसँग बातचित शुरु गऱ्यो तब मैले भनें कि म बर्माको पुत्र हुँ । त्यहीं मलाई भगवानको धर्म प्राप्त भयो । त्यस सत्यलाई बिर्सेर म बर्माको साथ कसरी बेइमान गर्न सक्छु ? यस विषयमा अरू धेरै कुरा गर्नु भन्दा पहिले मैंले उसलाई निवेदन गरें कि तिमीहरू तीनैजना यस शिविरमा बस्नु । स्वयं जाँच गरेर हेर र मलाई मेरो गल्ती बताऊ । जुन साँच्चै गल्ती भएको छ त्यसलाई सुधार्न मलाई अलिकति पनि हिचकिचाहट हुनेछैन । संयोगले जयपुरको शिविर शुरु हुँदै थियो । उनीहरू तीनैजना त्यस शिविरमा बसे ।

डा. माँ माँ पालि र भगवानको वाणीका धेरै ठूलो विद्वान् थियो । उसलाई सत्य सम्झन विलम्ब भएन । शिविर सकिए पछि ऊ जब मसंग भेट्न आए उसको आँखाबाट आँसुको धारा बगीराखेको थियो । उसले भन्यो, मैले आफैलाई बुद्धको शिक्षाको धेरै ठूलो विद्वान् सम्झेको थिएँ परन्तु अब तिम्रो शिविरमा बसेपछि थाहा भयो कि भगवानको सही शिक्षा के हो । अतः ऊ बर्मामा फर्केर त्यहाँको केबिनेटमा भेट गरे । राष्ट्रध्यक्ष पदबाट त्यागपत्र दिए पनि उसको ठूलो सम्मान थियो । उसले केबिनेटका सदस्यहरूलाई सम्झायो कि गोयन्काले जे गर्दैछ त्यो बिल्कुल सही छ । यहाँका भिक्षुहरू पनि भ्रान्तिमा छन् । अतः उसलाई बोलाएर भिक्षुहरूसंग बातचित गराउनु पर्दछ ।

त्यसबेला अस्ट्रेलियाको सिड्नीको धम्मभूमिमा मेरो विपश्यना शिविर चलिराखेको थियो । एकाएक अस्ट्रेलिया स्थित बर्माको राजदूतबाट मेरो नाममा फोन आयो । उसले भन्यो कि सयाजी ऊ गोयन्का तपाइँ अस्ट्रेलियाबाट सिधै भारत नफर्किनु होस् । पहिला बर्मामा रोक्नु होस् र भारतमा जानुहोस् । मैले भने कि म बर्मामा कसरी जान सक्छु र ? मैले त्यहाँको भिसा नै पाउन सक्दैन । तब उसले हाँस्दै भन्यो कि तपाई किन चिन्ता गर्नु हुन्छ ? भिसा त मैले नै दिन्छु । म छक्क परें, यी सबै किन र कसरी भइराखेको छ ? परन्तु मनमा एकप्रकारले आनन्द पनि भयो कि अब म आफ्नो मातृभूमि र धर्मभूमिमा जान सक्छु ।

राजकीय अतिथिको भिसाकोसाथ रंगुन पुगेपछि त्यहाँ धूमधामकासाथ मेरो स्वागत भयो र मलाई शहरको सरकारी अतिथिगृहमा लिएर गए, जहाँ मलाई बस्ने व्यवस्था गरेर राखेका थिए । मैले भने मेरो छोरा को श्वे (बनवारी) यहीं बस्छ, म उसको घरमा नै बस्छु । उनीहरूले स्वीकार गरे । आफ्नो छोराको घरमा टेके पछि डा. माँ माँ मसंग भेट्न आए । तब मैले सोधें यो सबै

के भइरहेको छ ? उसले विनयभावले बतायो यहाँको प्रमुख भिक्षु तिम्रो कडा आलोचना गरिरहेको छ । तपाइँले जसरी मेरो शङ्का समाधान गर्नु भयो त्यसरी नै उहाँको पनि समाधान गर्नु हुनेछ भन्ने मलाई पूर्ण विश्वास छ । त्यसैले भोलि यहाँका प्रमुख विद्वान् भिक्षुहरूको एउटा सभा बोलाएको छ जसमा तपाइँबाट सम्बोधन गर्नु हुनेछ र भन्नु हुनेछ कि तपाईंले बौद्धधर्म किन सिकाइ राख्नु भएको छैन । यो सुनेर म धेरै प्रशन्न भएँ, किनभने म यहीं चाहन्थें । बर्माका मानिसहरूमा म प्रति जुन गलत धारणा उत्पन्न भएको छ, त्यसलाई हटाउन सकुँ ।

जब मैले उहाँहरूलाई भने कि भगवानको मूलवाणीमा वहाँको शिक्षालाई केवल धर्ममात्र भनिएको छ, बौद्धधर्म होईन । धर्म धारण गर्नेलाई धम्मिक (धार्मिक), धम्मठ (धर्म स्थित), धम्मचारी, धम्मजीवी, धम्मञ्ञु (धर्मज्ञ), धम्मधर, धम्मवादि आदि भन्ने गरेको छ ।

भगवानको शिक्षालाई बौद्धधर्म र उहाँको अनुयायीहरूलाई बौद्ध भनेर पछि मात्र जोडिएको हो । र हामीले नबुझेर यसलाई स्वीकार गऱ्यौं । त्यसबाट भगवानको महान शिक्षालाई हल्का बनाई दियौं । भगवान बुद्धको शिक्षा साँच्चै महान छ, किनभने धर्म शब्द सार्वजनिक छ, सार्वदेशिक छ, सार्वकालीक छ । परन्तु जब त्यसलाई बौद्धधर्म भन्न थालियो तब यो सम्प्रदायवादि भयो । त्यो संकुचित भएर केवल एउटा सम्प्रदायमामात्र सीमित रहन गयो । हामीले अलिकति पनि नबुझेर यस अप्पमाणो धम्मोको पमाणावन्तो बनाई दियौं । असीमको ससीम बनाई दियौं । महानलाई लघु बनाई दियौं । मेरो प्रवचन पछि भिक्षुहरूले बौद्धधर्म र बौद्ध शब्द छ कि छैन भनेर जाँच गरे । सभाको अध्यक्षता मेरो धर्मभित्र र धर्मभाइ माण्डले विश्वविद्यालयका अवकाश प्राप्त भाइसचान्सलर डा. ऊ को ले ले गरीराख्नु भएको थियो । उहाँले एउटा प्रस्ताव ल्याउँदै भन्नु भयो, बर्मी भाषामा धम्मको लागि तया (तरा) शब्द छ । त्यसमा कुनै परिवर्तन गरेको छैन, आज पनि हामी भन्छौं ल अमुक भिक्षुको प्रवचन छ जाऔं गएर उहाँको तया सुनौं अथवा जाऔं तया (साधना) मा बसौं ।

परन्तु कहिले पनि भन्दैनौं बौद्धतया जाऔं या बौद्धतयाको साधनामा बसौं । साँच्चै नै बुद्धले बौद्ध शब्दको प्रयोग गर्नु भएन । यो अंग्रेजी राज्यबाट भयो, जब धर्म बुद्धिजम् र धर्म धारण गर्नेलाई बुद्धिस्ट भन्न थाले । यी व्याख्याले सबै भिक्षुहरू धेरै प्रशन्न भए । सबैको मनको शंका दूर भयो । बर्मी सरकारले महासद्धम्मजोतिकधज अलंकारले मलाई विभूषित गऱ्यो ।

मेरो विरुद्ध श्रीलंकाका विद्वान् भिक्षुहरूले पनि यस्तै झुठ्ठा आरोप लगाएका थिए र मैले बौद्धधर्म नसिकाएर बुद्धको शिक्षालाई बिगारि रहेको छ । सौभाग्यबस न्यूयोर्कमा यसै विषयमा मेरो दुईटा प्रवचन भयो, जसलाई सुनेर अमेरिका स्थित श्रीलंकाका राजदूत धेरै प्रभावित भए र उनलाई आफ्ना विद्वान भिक्षुहरूले गरेका गल्ती स्पष्ट अनुभूत भयो । उनले आफ्नो देशका राष्ट्रपति श्री महेन्द्र राजपक्षेलाई सूचना दिए कि मलाई राज्य अतिथिका रुपमा बोलाइयोस् र भिक्षुहरूका शंकाको समाधान गराइयोस् ।

त्यहाँ पनि यही भयो । मेरो व्याख्याले भिक्षुगण भावविभोर भए र उहाँहरूलाई यो भूल महसुस भयो कि भगवानले सिकाउनु भएको धर्मलाई बौद्धधर्म भनेर हामीले त्यसलाई एउटा सम्प्रदायमा बाँधि दियौं । जबकि भगवान जातिवादको मात्र होईन, सम्प्रदायवादको पनि अति विरोधी हुनुहुन्थ्यो । त्यहाँ मेरो तीनवटा प्रवचन भयो जसबाट वास्तविकता एकदम स्पष्ट भयो । त्यहाँका राष्ट्रध्यक्ष श्री महेन्द्र राजपक्षेले मलाई जिनसासनसोभन पटिपत्तिधज नामक अलंकारले सम्मानित गरे र त्यहाँका भिक्षुसंघले परियत्ति विसारद को उपाधिद्वारा सम्मानित गरे ।

महत्व यी उपाधिहरूको होईन, बल्कि कुरा यो हो कि त्यहाँका शीर्षस्थ विद्वानहरूले पनि यो सत्य स्वीकार गरे कि बुद्धले धर्म सिकाउनु भएको हो, न कि बौद्धधर्म । मानिसहरूलाई धार्मिक बनाउनु भयो न कि बौद्ध ।

भारत फर्केपछि मैले आफ्ना शोधकर्ता शिष्यहरूलाई यो हेर्न लगाएँ कि बुद्धवाणीमा कहीं बौद्ध शब्द त छैन । उनीहरूले सीडि-रोममा रेकर्ड गरिएका समस्त पालि साहित्य यानी केवल तिपिटकमामात्र होईन त्यसका अर्थकथाहरू, टिकाहरू र अनुटिकाहरू समेत अनुसन्धान गर्दा सारा पालि वाङ्मयमा धम्मसित जोडिएका १७,०७३

शब्द भएको मध्ये कुनै पनि शब्दसित बौद्ध शब्द जोडिएको पाएन ।

यसबाट स्पष्ट हुन्छ कि भगवान बुद्धले धर्म सिकाउनु भयो न कि बौद्धधर्म । मानिसहरूलाई धार्मिक बनाउनु भयो न कि बौद्ध । हामीले धर्म शब्दकासाथ बौद्ध जोडेर कति ठूलो भूल गर्‍यौं । अब त्यसलाई सुधारौं ।

हाम्रो लागि बुद्ध, धर्म र संघ नै त्रिरत्न हो, न कि बौद्ध धर्म र बौद्ध संघ । हामी बुद्ध, धर्म र संघको शरणमा जान्छौं, न कि बौद्ध धर्म र बौद्ध संघको । हामी स्पष्ट रूपमा भन्छौं नत्थि मे सरणं अञ्ञं, धम्मो मे सरणं वरं, यानी शरण धर्मको हो, न कि बौद्ध धर्मको । यसपछि जब प्रज्ञाको काम सिकाइन्छ, तब आफ्नो शरीरमा हुने संबेदनालाई साक्षीभावले हेर्न सिकाइन्छ । यस्तो सम्बेदना सबैको हुन्छ । कुनै एक सम्प्रदायका मानिसहरूका लागि मात्र सीमित हुँदैन । अतः शील, समाधि, प्रज्ञाको धर्मप्रति कुनै एक सम्प्रदायको मनोमालिन्य हुन सक्दैन ।

भगवान बुद्धले जुन सार्वजनिक धर्म सिकाउनु भयो त्यसलाई अरियो अट्ठंगिको मग्गो भनियो यानी शील, समाधि र प्रज्ञाको आठ अङ्ग भएको मार्ग जसले कोहि पनि अनार्यलाई आर्य बनाई दिन्छ । अधार्मिकलाई धार्मिक बनाई दिन्छ ।

मंगल होस्, भलाई होस्, कल्याण होस् ।

❀

## लोकलाई शून्य किन भनिएको हो ?

एक पटक आनन्दले भगवानसँग प्रश्न गरेका थिए कि– "भन्ते, लोक शून्य छ भन्छन् । के कारणले लोक शून्य भनिएको हो ?"

भगवानले उत्तर दिनुभयो– "आनन्द, किनकि समस्त लोकमा आत्म र आत्मीय अर्थात् म र मेरो भन्ने केही छैन त्यसैले शून्य भनिएको हो । यी हाम्रा ६ वटा इन्द्रिय र यिनका विषयसँग सम्बन्धित जे जति छन् ती सबैमा म र मेरो भन्ने केही छैन, त्यसैले लोकलाई शून्य भनिएको हो । नाम र रूपको सम्पूर्ण क्षेत्रमा न आत्म भन्ने छ न आत्मीय भन्ने नै छ, यस क्षेत्रलाई नै वास्तवमा लोक भनिन्छ । अतः यस लोकलाई शून्य भनिन्छ ।"

यसलाई आफ्नो अनुभवले जानिएन भने यो सत्य पनि कुनै पनि दार्शनिक मान्यता झैं हुन जान्छ । जब आफ्नो अनुभवले जान्दछ तब मुक्ति दायिनी बन्दछ । कथनलाई अनुभवद्वारा जानिएन भने कसरी बुझ्न सकिन्छ ? त्यसैले भगवानको शिक्षा अनुभवमा आधारित छ, वास्तविक कल्याण पनि यसैमा छ । अन्यथा शून्यवादको तर्कमा अल्झेर आपसमा झगडा गर्ने मात्रै हुन्छ, झगडा गरेर के फाईदा ? जो अनुभवले जान्दछ ऊ अनासक्त भएर मुक्त हुन्छ । साधकले अन्तर्मुखी भएर सत्यको सहारामा अनुसन्धान गर्दछ, उसले स्थूल सत्यलाई जान्दै सूक्ष्म सत्यको साक्षात्कार गर्दछ । तर कल्पनाको आधारमा अनुसन्धान गर्‍यो भने सत्यबाट अलग्गिएर अर्को कल्पनामा अल्झिन जान्छ । अतः कल्पनाबाट टाढा रहेर प्रत्येक पाईलामा अनुभव गर्दै सत्यको सहारामा अघि बढ्नु नै भगवानले उपदेशित गर्नु भएको मार्ग हो ।

भन्ते आनन्दले भगवान संग सोध्नुभयो– "भगवान, मान्छेहरू धर्मलाई सही तरिकाले किन बुझ्न सक्दैनन् ?"

भगवानले उत्तर दिनुभयो– "आनन्द असंख्य कल्पसम्म दुर्गतिमा बिताएपछि मनुष्य जीवन प्राप्त गरेको छ भने त्यस्तो ब्यक्तिलाई योग्य कल्याणमित्र भेट्टिए पनि पहिलाको अनेक जन्मको स्वभावको कारण धर्म सुन्ने इच्छा हुँदैन र धर्म सुने ता पनि बुझ्न सक्दैन ।"

"त्यस्तै अघिका जन्ममा लागूपदार्थ खाएर अति मनोरञ्जनमा डुबेका ब्यक्तिहरूले पनि योग्य कल्याणमित्र भेट्टिए पनि धर्म सुन्न चाहँदैन धर्म सुने पनि बुझ्न सक्दैन ।"

"अघिका जन्ममा मनुष्य भएर पनि पूण्यको संग्रह थोरै भएका, मिथ्या दृष्टिमा अल्झेर रहेका ब्यक्तिहरूले पनि योग्य कल्याणमित्र पाए पनि धर्म सुन्न चाहँदैन र धर्म सुने पनि बुझ्न सक्दैन ।"

"पुर्व पूण्य कर्म जति बढी छ त्यति नै ऊ धर्म प्रति आकर्षित हुन्छ र योग्य कल्याणमित्र भेट्टियो भने धर्म सुनेर प्रगति पनि गर्दछ र आफ्नो मनुष्य जीवन सार्थक गर्दछ र अरुको कल्याणको कारण पनि बन्दछ ।"

त्यसैले आफ्नो पूण्य निरन्तर बढाउँदै रहनु, योग्य कल्याण मित्रहरूको संगत गर्नु र मिथ्यादृष्टीमा परेका अज्ञानी, मुर्ख देखि टाढा रहनु ।

*(साभार- बुद्ध वर्ष २५६७, जेष्ठ २०८०, वर्ष४०, अङ्क२)*



# सम्राट अशोक

✍ आचार्य भिक्षु अमृतानन्द

अशोक– यो, बिन्दुसार★ राजाका छोरा सम्राट् अशोकको नाम हो । पालिसाहित्यमा यिनलाई 'धर्माशोक' भन्दछन् । बुद्धधर्म स्वीकार्नु भन्दा अघि अशोकलाई 'चन्दाशोक'✪ भन्दथे । बुद्धधर्म स्वीकारे पछि 'धर्माशोक' (धम्माशोक) भन्न थालेका हुन् (महा. वं. टी.पृ. १८८ पञ्चमपरिच्छेद) ।

---

★ 'बिन्दुसार' भन्ने को हुन् भन्ने बारे समन्तपासादिकाले यसरी उल्लेख गरेको छ–

१) महा. वं. टी. पृ. १०६ द्वितीय परिच्छेद अनुसार बिम्बिसार राजाले ३२ वर्षसम्म राज्य गरे । अनि उनकै छोरा अजातशत्रुले उनको हत्या गरी आफू राजा बने ।

२) अजातशत्रुले २४ वर्षसम्म राज्यगरे । अनि उनका छोरा उदायीभद्द (=उदायीभद्र) ले उनले हत्या गरी आफू राजा भए ।

३) उदायीभद्रले १६ वर्षसम्म राज्य गरे । अनि उनका छोरा अनुरूद्ध र मुण्डले उनको हत्या गरी आफू राजा बने ।

४) अनुरूद्ध र मुण्डले ८ वर्षसम्म राज्य गरे । पछि उनीहरूलाई नागदासक (=नागदाशक) ले हत्या गरे ।

५) नागदाशकले २४ वर्ष सम्म राज्य गरे । पछि यी पितृ घातक अजातशत्रुको वंशका हुन् भनी नागरिकहरूले सुसुनाग भन्ने मन्त्रीलाई राज्ययोग्य गराए ।

६) सुसुनागले १८ वर्षसम्म राज्य गरे । पछि उनकै छोरा कालाशोकले उनको हत्या गरी आफू राजा भए ।

७) कालाशोकले २८ वर्षसम्म राज्य गरे । यिनका १० जना छोराहरू थिए ।

८) कालाशोकका १० जना छोराहरूले २२ वर्षसम्म राज्य गरे । यिनीहरूका नन्द परम्परा नाम हुने ९ जना छोराहरू थिए ।

९) यी नन्दपरम्परा नाम हुने ९ जनाले पनि २२ वर्षसम्म नै राज्य गरे ।

१०) यिनीहरू पछि चन्दगुत्त (=चन्द्रगुप्त) ले २४ वर्षसम्म राज्य गरे ।

११) चन्द्रगुप्त पछि बिन्दुसारले २८ वर्षसम्म राज्य गरे ।

१२) बिन्दुसार पछि अशोकले ३७ वर्षसम्म राज्य गरे ।
(सम.पा. I. पृ. ६३ बाहिरनिदान कथा)

दिब्यावदानमा चाहिं यसरी उल्लेख भएको छ –

१) राजगृह नगरमा बिम्बिसार राजाले राज्य गरेका थिए ।

२) त्यसपछि बिम्बिसारका छोरा अजातशत्रुले राज्य गरे ।

३) त्यसपछि अजातशत्रुका छोरा उदायीभद्दले राज्य गरे ।

४) उदायीभद्रका छोरा मुण्ड,

५) मुण्डका छोरा काकवर्णी (पालिमा कालाशोक)

६) काकवर्णीका छोरा सहली,

७) सहलकि छोरा तुलकु,

८) तुलकुकाछोरा महामण्डल,

९) महामण्डलका छोरा प्रसेनजित्,

१०) प्रसेनजित्का छोरा नन्द र

११) नन्दका छोरा बिन्दुसारले राज्य गरे ।

१२) बिन्दुसारका छोरा सुसीम । चम्पा नगरवासी एक ब्राह्मणीको तरफबाट २ जना छोराहरू थिए । यिनीहरूको नाम अशोक र विगतशोक हो (पालिमा बीतसोक) । (दिव्यावदान, पांशुप्रदानावदानम् पृ. २३२-२३३)

✪ दिव्यावदान, पृ. २३५ मा पनि उल्लेख भएको छ ।

भनिन्छ कि बिन्दुसारका १६ वटी पत्नीहरू थिए र १०१ जना छोराहरू थिए । बिन्दुसारका गुरु जनसान आजीवक थिए भनी डा. मललसेकरले आफ्नो D.P.P.I. पृ. २१६ मा उल्लेख गरेका छन् । २८ वर्षसम्म यिनले राज्य गरे । (महा. वं. टी.पृ. १४९ पञ्चम परिच्छेद) त्यसैले उक्त ग्रन्थमा यस्तो उल्लेख गरेको हो –

**"सो चतुवीस वस्सानी, राजा रज्जमकारयि**
**तस्सपुत्तो बिन्दुसारो, अट्ठवीसतिंकारयि ॥**
**बिन्दुसार सुत्ता आसुं, सतं एकोच विस्सुता ।**
**असोको आसि तेसं तु, पुञ्जतेजोबलिद्धिको ॥"**

चन्द्रगुप्त राजाले २४ वर्षसम्म राज्य गरे । उनका छोरा बिन्दुसारले २८ वर्षसम्म राज्य गरे । बिन्दुसारका प्रज्ञातेजबलयुक्त अशोक भन्ने छोरा थिए[1] ।

बिन्दुसारका कति वटी स्त्रीहरू थिए भन्ने कुरा यहाँ उल्लेख भएको पाइँदैन ।

सम. पा. I. पृ. ३६ बाहिरनिदानकथा, ततीयसङ्गीतिकथामा "बिन्दुसारस्स रञ्ञो एकसता पुत्ता अहेसुं" अर्थात् बिन्दुसार राजाका १०१ जना छोराहरू थिए ।

बिन्दुसारकी धम्मा (=धर्मा) भन्ने मौर्यवंशीय स्त्री अग्र महिषी थिइन् । यिनको तरफबाट दुई जना छोरा भए– (१) अशोक र अर्का एकजना छोरा थिए । जसको नाम (२) तिस्स (=तिष्य) कुमार हो । (महा. वं. टी. पृ. १५१, १५३, १५४, १५५)

बिन्दुसारका जेठा छोराको नाम सुमन हो र यिनका छोराको नाम निग्रोध (= न्यग्रोध) हो । जुन पछि श्रामणेर भए । त्यसैले सम.पा. I. पृ. ३९ मा –

"को पनायं निग्रोध नाम ? बिन्दुसाररञ्ञो जेट्ठपुत्तस्स सुमन राजकुमारस्स पुत्तो" अर्थात्– यी निग्रोध भन्ने को हुन् ? बिन्दुसारका जेठा छोरा सुमन राजकुमारका छोरा हुन्" भनी उल्लेख भएको छ । महा. वं. टी. पृ. १५९ पञ्चम परिच्छेदमा–

"बिन्दुसारस्स पुत्तानं, सब्बेसं जेट्ठ भातुनो ।
सुमनस्स कुमारस्स, पुत्तो सो हि कुमारको ॥"

अर्थात्– "बिन्दुसार राजाका छोराहरू मध्ये सबभन्दा जेठा सुमन[2] राजकुमारका पुत्र नै सो न्यग्रोध श्रामणेर हुन्" भनी उल्लेख भएको छ ।

बिन्दुसार राजाले अशोक राजकुमारलाई उपराजपदमा राखी अवन्तीको उज्जैनमा पठाएका थिए[3] । त्यस बखत उनी उज्जैन पुग्नुभन्दा अघि वेदिसगिरि नगरमा पुग्दा वेदि सेठको घरमा बास बसेका थिए । अनि त्यहाँ उनले वेदिस सेठकी छोरीसँग सहवास गरेका थिए । जसको तरफबाट महेन्द्र (महिन्द्र) जन्मेका थिए । दुई वर्षपछि फेरि संघमित्ता (=संघमित्रा) जन्मेकी थिइन् । (महा. वं. टी. पृ. २८३; सम. पा. I. पृ. ६१ बाहिर निदान कथा) महेन्द्र राजकुमार १४ वर्ष पुग्दा अशोकले अभिषेक पाएका थिए । वेदिस सेठकी छोरकिो नाम 'देवी' थियो । यिनैलाई 'वेदिस महादेवी' पनि भन्दछन् । यी कुमारी बिडूडभको आक्रमणबाट बच्न भागेर गएका एक शाक्यकुलकी कन्या थिइन् भनि डा. मललसेकरले आफ्नो D.P.P.I. पृ. २१७ मा उल्लेख गरेका छन् ।

जब बिन्दुसार राजा सिकिस्त भए । तब उनले आफ्ना छोरा अशोकलाई बोलाउन पठाएका थिए । खबर पाउने बित्तिकै अशोक उपराजा तुरून्त पाटलिपुत्र[4]मा आए । पाटलिपुत्रमा आउँदा उनले आफ्ना छोरा-छोरी सहित पत्नीलाई पनि वेदिशगिरि नगरमा नै छाडेर आएका थिए । पाटलिपुत्रमा पुग्नासाथ आफ्ना पिता बिन्दुसारको देहान्त भयो । अनि उनको दाहसंस्कार गरिसकेपछि अशोकले आफ्ना सहोदर तिस्स (=तिष्य) राजकुमार एकजना बाहेक सौतेनी आमाहरूका ९९ जना दाजुभाइहरू सबैलाई हत्या गर्न लगाई आफू राजा बने । (महा. वं. टी. पृ. २८४ तेरसम परिच्छेद; सम. पा. I. पृ. ३६ बाहिरनिदानकथा) ।

अशोककी प्रथम अग्रमहिषी असन्धिमित्ता (=असन्धिमित्रा) थिइन् । (सम.पा. I. पृ.३७ बाहिर निदान

१. दिव्यावदान, पंशुप्रदानावदान पृ. २३३ मा ब्राह्मणी अग्रमहिषीको तरफबाट अशोक र विगतशोक दुई छोराहरू थिए भन्ने उल्लेख भएको छ ।
२. दिव्यावदान; पांशुप्रदानावदान पृ. २३२ मा चाहिं 'सुसीम' भन्ने उल्लेख भएको छ ।)
३. दिव्यावदान; पांशुप्रदानावदान २६ पृ. २३४ मा चाहिं तक्षसिलामा पठाएको कुरा उल्लेख भएको छ ।)
४. पाटलिपुत्रलाई 'पुष्पपुर' पनि भन्दछन् ।

कथा; महा. वं. टी. पृ. १६५ पञ्चम परिच्छेद; दी. नि. अ. क. II. पृ. १४३ महापदान सुत्तवण्णना) त्यसैले महा. वं. टी. पृ. १४९ पञ्चम परिच्छेदले यस्तो उल्लेख गरेको हो–

**"बेमाविके भातरो सो, हन्त्वा एकूनकं सतं।**
**सकले जम्बुदीपस्मिं, एकरज्ज मपापुणि ॥"**

अर्थात्– "विभिन्न सौतेनी आमाहरूका ९९ जना दाजुभाईहरूलाई मारेर[५] सारा जम्बुद्वीपमा एकछत्र राज्य गरे।"

राज्याभिषेक नगरिकनै अशोकले ४ वर्ष राज्य गरे। पछि भगवान् बुद्ध परिनिर्वाण भएको २१८ रौं वर्षमा राज्याभिषेक प्राप्त गरी राज्य गर्न थालेका हुन्। (महा. वं. टी. पृ. १४९-१५५; सम. पा. I. पृ. ३६) सहोदर तिस्स (=तिष्य) राजकुमारलाई उपराजाको पदमा राखे। त्यसैले महा. वं. टी. पृ. १५६ मा यस्तो उल्लेख भएको हो –

**"राजाभिसित्तो सो 'सोक' कुमार तिस्स सह्वयं।**
**कणिट्ठकं सोदरियं, उपरज्जेभिसेचयि ॥"**

अर्थात्– "राज्याभिषेक प्राप्त भइसकेपछि अशोक राजाले तिस्स भन्ने नाम हुने सहोदर भाइलाई उपराजपदमा राखे।" सम. पा. I. पृ. ४७ ले पनि "रञ्ञो एकमातिको भाता तिस्सकुमारी नाम, तं किर राजा पत्ताभिसेको ओपरज्जे ठपेसी।" अर्थात्– "अभिषेक प्राप्त भइसकेपछि अशोक राजाले सहोदर भाइ तिष्य कुमारलाई उपराजपदमा प्रतिष्ठित गरे" भनी उल्लेख गरेको छ।

अशोक राजाको पहिली अग्रमहिषी असन्धिमित्ता (=असन्धिमित्रा) हुन् भन्ने कुरा सम. पा. I. पृ. ३७ बाहिरनिदानकथा; महा. वं. पृ. १६५ पञ्चम परिच्छेदमा पनि उल्लेख भएको छ।

एक दिन असन्धिमित्ताले भिक्षुसंघ सँग सोध–

"भन्ते ! बुद्धको स्वर जस्तै स्वर हुने अर्को पनि कोहिछ के ?"

"करवीक भन्ने चरो छ।"

"त्यस्तो चरो कहाँ छ त ?"

"हिमालय तिर।"

अनि महारानीले "महाराज ! मलाई करवीक चरोको स्वर सुन्न सारै इच्छा लागेको छ भनी विन्ती गरिन्।" अनि राजाले "यो पिंजरामा बसी करवीक चरा यहाँ आउनु पर्‍यो" भनी आज्ञा दिई पिंजरा आकाशमा छोडिदिए। पिंजरा गएर एक करवीक चराको अगाडि अडियो। "राजाको हुकुमले आएको यस पिंजरामा बसेर नगइ हुन्न।" भन्ने ठानी एउटा करवीक चरा पिंजरामा बसी राजाको अगाडि उपस्थित भयो। परन्तु चराले आवाज निकालेन।

"हे मन्त्री हो ! यो चराले किन आवाज न निकालेको होला ?"

"देव ! शायद आफ्ना नाताकुटुम्बहरू कोही पनि देखेर होला।"

अनि राजाले पिंजराको चारैतिर ऐना राख्न लगाए। अनि चराले "अब त मेरा नाता कुटुम्बहरू पनि आए" भनी पखेटा फर फराई मणिवंश फुकेको जस्तो गरी यस्तो स्वर निकाल्यो कि नगरमा बस्ने मानिसहरू पनि त्यसको स्वरमा मुग्ध भए। यो चराको स्वर त यस्तो मधुर छ भने सर्वज्ञ ज्ञान प्राप्त गर्नु भएका वहाँ भगवान्‌को स्वर झन् कति मधुरो हुँदो होला। यति सोची महारानीले आफ्नो मनमा प्रीति प्रामोद्य उत्पन्न गरिन्। यसै प्रीतिलाई पदस्थान गरी सातशय मानिसहरूका साथ महारानी स्रोतापत्ति फलमा प्रतिस्ठित भइन्। (सुभं. वि. II. पृ. १४३-४४ महापदानसुत्तवण्णना) *क्रमशः*

---

५. दिव्यावदान, पंशुप्रदानावदान पृ. २३५ मा चाहिं ५०० जना अमात्यहरूको टाउको काटी अन्तःपुर वासी ५०० आईमाईहरूको शरीरमा कपडा बेर्न लगाई उनीहरूलाई आगो लगाइ दिएका थिए भन्ने उल्लेख भएको छ।)

## भुल सुधार

**धर्मकीर्ति पत्रिका वर्ष ४१, अङ्क ६ र ७ को आवरण चित्र परिचयका लेखक वीर्यवती हुनुपर्नेमा अन्यथा भएकोले यसलाई सच्चाइएको छ।**



भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

## भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित

## १२. अन्तिम पछ्याइ

*लेखक*- **वर्मी भिक्षु र वे थ्वं महास्थविर**

*नेपालभाषा अनुवाद*- **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद*- **मोतीकाजी शाक्य**

हर्षमानले त्यो दिन कुनै पनि काम मन लगाएर गर्न सकेको थिएन । कारोबारका कुरा गर्न आएका कालि- गढहरूलाई उसले त्यो दिन त्यसै आलताल गरेर फर्काएको थियो । किनभने त्यो दिन उसको मन व्यापारिक कारोबार गर्नमा होइन घर गृहस्थी त्यागी शीलवती भएकी उसकी स्नेही छोरी गणेशकुमारीको पर्खाइमा मात्र अल्भिरहेको थियो । झण्डै सात महिना पछि उसकी छोरी कुशीनगरबाट घर फर्किने भएकी थिई । भरे साँझसम्ममा ऊ घर आइपुग्ने कुरो थियो ।

हर्षमानले आफ्नो मन कहिले कपाल मुण्डन गरी पहेँलो लुगा लगाएर आउने छोरीको रूपलावण्यको कल्पनामा डुबाउने प्रयास गरेको थियो भने कहिले गृह त्यागिसकेकी आफ्नी छोरीका लागि सुहाउँदो खालको एउटा सानो विहार बनाइदिने कल्पनामा डुलाउने प्रयत्न गरेको थियो । तर पनि उसको मन अनायासनै निम्न आशङ्का गर्नमा लागेको हुन्थ्यो । – "छोरी धेरै नै जिद्दी छे । न उसले फर्कन नै पो नमान्ने हुन् कि !"

वास्तवमा हर्षमान त्यो दिन छोरीलाई भेट्ने उत्सुकताले भन्दा पनि छोरी नफर्किदेला भन्ने डरले नै बढी छटपटाइरहेको थियो । साविक अनुसार आफ्नो कुलायनी विहार ॐ कुलि रूद्रवर्ण महाविहार स्थित बुद्ध प्रतिमाको दर्शन गर्न जाँदा हर्षमानले त्यो दिन अरूबेला झैं आफ्नो र आफ्ना सन्तानको लागि सम्पन्नताको कामना नगरी आफ्नी छोरी सकुशल फर्कुन् भनेर मात्र प्रार्थना गरेको थियो । अनि त्यही नै कामना गरेर उसले त्यो दिन त्यसै विहार पछाडिको चौरमा स्थापित बौद्ध चैत्यको १०८ परिक्रमा गर्नुका साथै लगनखेल स्थित अशोक स्तूपको पनि परिक्रमा गरेर आएको थियो ।

पौष महिनाको छोटो दिन पनि छोरीको प्रतीक्षामा बिताउनु पर्दा जेठ महिनाको अत्यास लाग्दो दिन झैं निकै विस्तार मात्र बितिरहेको जस्तो भान परिरहेको थियो हर्षमानको लागि । जसले जस्तोसुकै अनुभव गरेको भएपनि आखिर दिन त बित्नु नै थियो । आखिरमा बिस्तारै साँझ पर्दै आयो । झमक्क साँझ पर्दानपर्दै हर्षमानको परिवारका सबै सदस्यहरूका साथै उसका नजिकका केही आफन्तहरू पनि गणेशकुमारीको प्रतिक्षामा हर्षमानको बैठक कोठामा जम्मा हुन आए । यसरी केही समय प्रतीक्षामा बितिसकेपछि अन्तमा एकजना मान्छे निरूत्साहित तरिकाले त्यस कोठाभित्र पस्यो । त्यो मान्छे गणेश- कुमारीलाई फिर्ता बोलाउन पठाइएको व्यक्ति भक्तकृष्ण थियो । भक्तकृष्ण एक्लै मात्र फर्केको देखेर त्यहाँ उपस्थित सबै विस्मयान्वित भए । उसलाई देख्ने बित्तिकै हर्षमानले आशङ्कित भएर सोध्यो – "मेरी छोरी खोइ ? ऊ किन सँगै नआएकी ? उसले फर्कन पो मानिन कि क्या हो ?"

चन्दागिरी पहाडको उकाली ओरालीले भन्दा आफ्नो असफलताको कारण बढी थाकेको भक्तकृष्णले एउटा खालि ठाउँमा टुचुक्क बस्दै भन्यो– "काका ! म धेरै लज्जित छु । मैले लाख सम्झाएर पनि तपाईंकी छोरीलाई फिर्ता आउनमा राजी पार्न सकेन । ऊ आखिरसम्म पनि आफ्नै जिद्दीमा दृढ रही र उसका सबै कुरा यही पत्रमा छ ।" – यति भनेर उसले धम्मवतीको पत्र हर्षमानतिर सारिदियो ।

भक्तकृष्णको सबै कुरा हर्षमानको दिमाग भित्र पस्न नपाउँदैमा हर्षमानले त्यस दुःखको जिम्मेवारी आफ्नी श्रीमती हिराथकूँलाई थहऱ्याउँदै उसले भन्यो – "देखिस् ! तैंले गरेर तेरी छोरी कसरी बरालिन पुगी ... ... अब तैंले जिन्दगीभर उसलाई हेर्न पाउने छैनस् ... ..." – अति भावावेशको कारण हर्षमानको घाँटी सुक्यो ।

हर्षमानको त्यो अवस्था देखेका विस्मयान्वित अनुहारहरू सबैले शिर निहुराए । निकैबेर वाता- वरणमा मौनता छाइरह्यो । अन्तमा हर्षमानले नै मौनता तोड्यो – "उनीहरू अब कति दिन कुशीनगरमै रहने

छन् ?"

हर्षमानको त्यस प्रश्नको जवाफ दिनमा भक्तकृष्ण अकमकियो। उसको त्यो अकममाइ देखेर त्यहाँ भएका सबै अवाक् रहे। तर हर्षमानको त्यस प्रश्न गराइको मतलव राम्ररी बुझ्केकी हिराथकूँले हर्षमानको ध्यान उसको अगाडि त्यसै परिरहेको पत्रमा आकर्षित गर्न यसरी भनी – "पहिले छोरीको पत्र पढ्नु भए पो ... ..."

हिराथकूँले पत्रको नाम लिएपछि मात्र हर्षमानको आँखा त्यस पत्रमा पऱ्यो। उसले पत्र खोलेर पढ्न थाल्यो।

पत्र पढेर सिध्याउने बित्तिकै उसले आत्तिएर भन्यो – "उनीहरू कलकत्तातिर पो लागेका रहेछन्। ... के लक्ष्मीमाया दिदीले पनि उनीहरूलाई रोक्न सकेन ?"

हर्षमानको त्यो प्रश्न सुनेर लक्ष्मीमाया त आफ्ना छोरीहरूलाई साथै लिएर आइरहेकी छिन् भन्ने कुरो सुनेका एक जनाको मुखबाट प्वाक्क निस्क्यो– "लक्ष्मीमाया फुपूका छोरीहरू त ऊ सँगै फर्किरहेका छन् रे।"

यो कुरा सुनेर हर्षमान आश्चर्यले स्तब्ध रह्यो। उसले भक्तकृष्णलाई अति नं विस्मयान्वित भएर हेर्न थाल्यो। तब भक्तकृष्णले कुरो स्पष्ट पाऱ्यो– "गणेश-कुमारीका साथीहरूले फर्कन माने पनि गणेशकुमारी आफ्नै जिद्दीमा अडिग रही। उसलाई कसैले मनाउन नसकेको हुनाले मात्रै, आखिर बाध्य भएर, बर्मी भिक्षु उसको पासपोर्ट मिलाउन उसलाई साथमा लिएर कलकत्तातिर जानु भएको थियो।"

त्यस कुराले हर्षमानलाई घाइते बाघ जस्तो बनाइ दियो। ऊ जुरूक्क उठेर भन्न लाग्यो– "धनकाजी! तिमी भोलि बिहानै एकजना साथी लिएर कलकत्ता जाउ। उनीहरू पक्कै पनि कलकत्ताको कुनै एउटा विहारमा बसेका हुनेछन्। नभए वाणिज्यदूतावास मार्फत भए पनि थाहा गर्नु। तर याद राख्नु गृहस्थरूप त्यागेपछि उसको नाम परिवर्तन भएको हुनुपर्छ। उसै पनि भागेर जानेले छद्म नाम नै प्रयोग गरेको हुनेछ।"

हर्षमानको त्यो निर्णय युद्धक्षेत्रमा कमाण्डरको अर्डर झैं अकाट्य थियो। तर त्यसको पूरकमा भन्न चाहनेले भने केही भन्न सक्थ्यो। त्यसैले भक्तकृष्णले आफ्नो कुरो भन्यो।

"काकाले पत्याउनु हुन्छ भने धनकाजीदाईसँग मलाई नै जान दिनुहोस्। म यसपल्ट जसरी भएपनि गणेशकुमारी लाई फिर्ता ल्याउनेमा सक्दो प्रयत्न गर्नेछु। अर्को कुरो यस पाली काका र काकीले पनि गणेशकुमारीलाई राम्ररी सम्झाएर एक एक ओटा पत्र लेख्नुपर्छ। त्यो पत्रको आधारमा पनि गणेशकुमारीलाई फिर्ता आउनमा विवश पार्न सक्ने हुनेछ।"

भक्तकृष्णको कुरा सुनेर एकछिन सोचिसकेपछि हर्षमानले उसको कुरो स्वीकारेर यसरी भन्यो– " तिमीले ठीक भन्यौं। हामीले उसलाई र बर्मी भिक्षुलाई पनि पत्र लेख्नु पर्थ्यो। यसपाली म एउटा कडा पत्र लेख्नेछु।

धनकाजी! तिमी भक्तकृष्णलाई नै साथ लिएर जानु। ऊसँग गएमा तिमीहरू बर्मी भिक्षुलाई र भेष बदलिएकी तिम्री बहिनीलाई एकै झलकमा चिन्न सक्ने हुन्छौ। यसपल्ट कुनै पनि हालतमा छोडेर नआउनु। सरकारी कारवाही गर्न परेमा पनि नहिचकिचाउनु। खर्च पनि बढी नै लिएर जानु।"

अर्को दिन बिहान सबेरै अन्तिम पछचाइ सफल पार्न आवश्यक सबै व्यवस्था मिलाएर, गणेशकुमारीलाई फेला पारी फिर्ता ल्याउनमा दृढ सङ्कल्पित भएका धनकाजी र भक्तकृष्ण कलकत्ता जान घरबाट निस्के। *क्रमशः*

## छन्हु सिनावने मानिगु थ्व जीवन



✍ **नातीकाजी महर्जन**
*पूच्व यल*

गुलि जक बिचाः याय्माःगु थ्व शरीरयात ?
भचाय्क हे ह्यूपा वयाच्वनीगु थ्व शरीरयात
फुक्क ज्याखँ त्वःताःसां च्यूताः कयाच्वनेमाःगु
भचा दयाँलाय्माःसा हिहीमही चाय्माःगु
याकन, ज्यला मवनेमा धकाः भिंभिंगु नसा नयाः
अतिकं म्हालासाला यासे बिचाः व धन्ना कयाः
तांन्वः चिकु धाधां जतन याना च्वनेमाःगु
उपाय कुशल यायांहे आयू फुनावनीगु
अनित्य दुःख व अनात्मयात मथूनिसा
छन्हु सीमानिगु ल्वःमंकाः ध्वादः जुयाच्वंसा
न्ह्याक्व हे आयू ज्वनावःसां छुयाय् ?
पशु समानगु जीवन हनाच्वनां छुयाय् ?
उकें लुमंके फय्मा झीसं छन्हु सीमानि धकाः
सिना ज्वनावनेदैगु हे भिं मभिं नियतया फल जक धकाः।

# भगवान् बुद्धले आयुष्मान् राहुललाई देशना गर्नुभएको शिक्षा



✍ वीर्यवती

बुद्ध शिक्षामा आधारित तीनवटा पिटकहरू (त्रिपिटक) मध्ये सूत्र पिटकको पाँचवटा ग्रन्थहरू छन् । ती पाँचवटा ग्रन्थहरूमध्ये एउटा ग्रन्थको नाम हो, "मज्झिम निकाय" । यस ग्रन्थमा १५२ वटा सूत्रहरू संगालिएका छन् । ती मध्ये एउटा सूत्रको नाम हो, "अम्बलट्ठिक राहुलोवाद सूत्र" । अम्बलट्ठिक एक स्थानको नाम हो । यस स्थानमा भगवान् बुद्ध स्वयं जानुभई आयुष्मान् राहुललाई देशना गर्नुभएको यस सूत्रलाई अम्बलट्ठिक राहुलोवाद सूत्र भनी नामाकरण गरिएको छ ।

शिक्षाकामी व्यक्तिको चरित्र अध्ययन गरी सुहाउँदो तरिकाले शिक्षा दिनुहुने भगवान् बुद्धले यस सूत्रमा श्रामणेर राहुललाई पनि त्यस समयमा रोचक ढंग (आजभोलीको भाषामा भन्ने हो भने मन्टेश्वरी माध्यम)बाट शिक्षा दिनु भएको देखिन्छ । यस सूत्र अनुसार भगवान् बुद्धले श्रामणेर राहुललाई कानको माध्यमबाट मात्र नभई आँखाको माध्यमबाट पनि शिक्षा घुसार्नु भएको देखिन्छ । हुन पनि हो, कानबाट मात्र घुसाइएको शिक्षा भन्दा आँखाले हेरी अनुभव गरिएको ज्ञान स्मरण गर्न सजिलो हुँदोरहेछ । भगवान् बुद्धले विभिन्न दृष्यहरू उपमाको रूपमा देखाउनु हुँदै आयुष्मान राहुलको मनमा ज्ञान घुसाउनु भएको विषयलाई यस सूत्र अध्ययन गरी हामीले पनि यस अमूल्य शिक्षा ग्रहण र मनन गर्न आवश्यक देखिन्छ ।

पाइला पाइला पिच्छे खराब र असल कर्महरू रोपिरहेका हामीले यस सूत्र अध्ययन गरी यसले दिएको शिक्षालाई जीवनमा अभ्यास गर्न सकेमा मन, वचन र शरीरको माध्यमबाट रोपिरहेको कर्मरूपी बीऊ नराम्रो क्षेत्रमा भन्दा राम्रो क्षेत्रमा बढी रोप्न सहयोग पुग्ने देखिनछ । अर्को शब्दमा भन्ने हो भने आफ्नो मनलाई राम्रो तालिम दिनसकेमा मात्र हाम्रो जीवन गतिलो हुनेछ । फलस्वरूप हामी भाग्यमानी बन्न सक्नेछौं । त्यसैले भनिएको पनि छ– "मति राम्रो भए गति पनि राम्रो हुनेछ ।" मति सपार्नको लागि के कस्तो, तरीकाले आफूलाई परीक्षा गर्नु पर्दोरहेछ भन्ने कुरालाई यस सूत्रमा व्याख्या गरिएको छ ।

त्यसैले हामीले यस सूत्रलाई एकपटक अध्ययन गरेर हेरौं–

एकदिन भगवान् बुद्ध साँझपख आयुष्मान् राहुल रहनुभएको अम्बलट्ठिक बनमा जानुभएको थियो । आयुष्मान् राहुलले भगवान् बुद्धलाई बस्नका लागि आसन ओछ्याई पाउ, धुनको लागि लोटामा पानी राखी चढाउनु भयो । भगवान् बुद्ध ओछ्याइएको आसनमा बसी पाऊ धुनुभयो । त्यसपछि राहुलले भगवान् बुद्धलाई अभिवादन गरी एकातर्फ बस्नुभयो ।

पाऊ धोइसक्नु भएपछि भगवान् बुद्धले लोटामा अलिकति पानी बाँकी राख्नुभयो । बाँकी भएको त्यो अलिकति पानी राहुललाई देखाउनु हुँदै भगवान् बुद्धले भन्नुभयो– "राहुल ! यस भाँडोमा बाँकी रहेको अलिकति पानीलाई तिमीले देखेका छौ होइन ? जसरी यो अलिकति पानी अन्य कुनै पनि काम गर्नको लागि प्रयोग गर्न मिल्दैन, त्यसरी नै जुन व्यक्तिले जानी-जानी असत्य कुरा गर्न लाज मान्दैन, डराउँदैन भने समाजमा त्यस व्यक्तिको मूल्य पनि यसरी नै थोरै मात्र हुनेछ अर्थात् ऊ मूल्यहीन बन्नेछ ।"

त्यसपछि भगवान् बुद्धले बाँकी रहेको त्यो अलिकती पानी पनि फाल्नुभयो । पानी फालिसकेपछि पनि भगवान् बुद्धले राहुलसँग सोध्नुभयो–

"राहुल ! तिमीले यो भाँडोमा बाँकीरहेको अलिकति पानीलाई मैले फालिदिएको पनि देखेका छौ होइन ?"

राहुलले देखें भगवान् शास्ता ! भनी उत्तर दिनुभयो । अनि भगवान् बुद्धले भन्नुभयो–

"हो । यसरी नै राहुल ! जुन व्यक्तिले जानी जानी बुझ पचाई असत्य कुरा गर्न लजाउँदैन र डराउँदैन भने त्यस व्यक्तिको मूल्य पनि मूल्यहीन भई फाल्न लायकको हुनेछ । त्यस व्यक्ति बाँचीरहनुको मूल्य नै हुँदैन ।"

त्यसपछि भगवान् बुद्धले त्यस खाली भाँडो घोप्टाएर भन्नुभयो–

"राहुल ! तिमीले यो खाली भाँडो घोप्टाएको पनि देखेका छौ होइन ?"

आयुष्मान् राहुलले देखेको छु भगवान् शास्ता भनी उत्तर दिनुभयो । अनि भगवान् बुद्धले फेरि भन्नुभयो–

"राहुल ! जुन व्यक्तिले जानी-जानी बुझ पचाएर असत्य कुरा गर्न लजाउँदैन र डराउँदैन, त्यस व्यक्तिको मूल्य पनि घोप्टाइएको खाली भाँडोको जस्तै मूल्यहीन र खोक्रो हुनेछ । यसरी आफ्नो स्वार्थ पूर्ति गर्नका लागि जानी-जानी बुझ पचाउँदै असत्य कुरा गर्दै खराब कार्य गर्दै हिंड्ने व्यक्तिले समाजमा जस्तो सुकै कुकर्म र पापकर्म गर्न पनि पछि हट्दैन । त्यसैले हे राहुल ! तिमीले ख्यालख्यालमा पनि असत्य कुरा गर्दिन भनी संकल्प गर ।"

यसरी नै भगवान् बुद्धले राहुल कुमारलाई फेरि पनि भन्नुभयो–

"राहुल ! ऐनालाई मानिसहरूले आफ्नो रूप हेर्नको लागि प्रयोग गर्छन् । आफ्नो अनुहारमा कुनै दाग र विकृतीहरू भएमा हटाउनका लागि ऐना हेर्ने गर्छन् । यसरी नै हाम्रो शरीर, वचन र मनले कुनै पनि काम गर्दा त्यस कार्यले, वचनले कुनै कुरा गर्दा त्यस कुराले अरूलाई र आफूलाई पनि हीत हुने हो वा होइन भनी आफूले आफैलाई होश राखी ऐना हेरे जस्तै हेरीरहनु पर्दछ । यदि आफूबाट अरूलाई अहित हुने देखेमा तुरून्त त्यस कार्यलाई रोक्नु पर्दछ । यदि त्यस कार्यले आफूलाई र आरूलाई पनि हीत सुख हुने देखेमा मात्र त्यस कार्यको थालनी गर्नुपर्दछ ।

यसरी नै आफ्नो शरीर, वचन र मनले कुनै नराम्रो कार्य गरिसकेको रहेछ र त्यसको प्रतिफल पनि नराम्रो तरिकाले भोग्नु पर्नेछ भनी थाहा पाएमा हामीले त्यस दोषयुक्त कार्यलाई समाजले देख्ला भनी ढाकछोप गर्न हुँदैन । आफूबाट अज्ञानतावस हुनपुगेको त्यस भूललाई स्वीकार गरी आफूभन्दा ज्ञानगुणले माथि रहेका गुरुजन वा सो पनि नभए आफू सरहका साथीभाईहरू समक्ष भएपनि पुगी आत्मालोचना गरी माफी माग्नु अति उत्त हुनेछ । माफी मात्र मागेर पनि पुग्दैन, आफूले गरिसकेको त्यस कुकर्मलाई भविष्यमा फेरि एकपटक दोहरिन नदिनका लागि प्रयासरत रहनुपर्ने हुन्छ ।

आयुष्मान राहुललाई भगवान् बुद्धले दिनुभएको यस शिक्षा अध्ययन गरी हामीले थाहा पाउन सक्छौं, एक शुद्ध व्यक्ति बन्नका लागि आफ्नो मन, वचन र शरीरबाट हुनपुग्ने कर्मलाई हरेक क्षण ऐना हेरे जस्तै हेरी आफ्ना खराब बानीहरूलाई केलाउँदै फाल्न सक्नुपर्दछ । यसरी हामीले आफूलाई आफैंले असल मार्गमा डोऱ्याउन मेहनत गर्नुपर्ने हुन्छ । अनि मात्र हामीले आफ्नो जीवन सफल पार्न सक्नेछौं । ■

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र.सं. | २०८० कार्तिक | बुद्धपूजा गर्नुहुने गुरूमांहरू | धर्मदेशना गर्नुहुने गुरूमांहरू |
|---|---|---|---|
| १ | १ गते, बुधवार संक्रान्ति | इन्दावती | इन्दावती |
| २ | ५ गते, आइतवार अष्टमी | वीर्यवती | वीर्यवती |
| ३ | १० गते, शुक्रवार श्रीघः पुन्हि | जवनवती | जवनवती |
| ४ | ११ गते, शनिवार कतिं पुन्हि | खेमावती | धम्मवती |
| ५ | १९ गते, आइतवार अष्टमी | मेत्तावती | मेत्तावती |
| ६ | २७ गते, सोमवार औंशी | खेमावती | खेमावती |

## आवरण चित्र परिचयको बाँकी अंश ... ...

महशूस गर्न थाल्यो । त्यसैले उसले जीवकलाई भन्यो–

"सौम्य जीवक ! कहिं तिमीले मलाई छल गर्न त खोजेको होइन ? कहिं तिमीले मलाई धोखा दिन खोजेको त होइन ? कहिं तिमीले मलाई दुश्मनहरूको जालमा फसाउन खोजेको त होइन ?"

अजात शत्रुको भय स्वाभाविक नै थियो । उ जीवकको आम्रवनमा पुगिसकेको थियो । चारैतर्फ सुनसान थियो । तर जीवकले त यस स्थानमा बाह्रसय पचास जना भिक्षुसंघ जम्मा भइराखेका सूचना दिएको थियो । यो कसरी हुन सक्छ र ? यहाँ त कसैले खोकेको शब्द पनि आएको छैन ।

यतिका मानिसहरू एकै स्थानमा रहँदा पनि कसरी मौन रहन सकेका ? एक पटक खोकेको शब्द पनि छैन । यो कसरी सम्भव हुन सक्ला र ? मनमा एक प्रकारको भय उत्पन्न भई उसको मुटु ढुक-ढुक भइराख्यो । उसले तरवार निकाल्यो । यो देखी अजातशत्रुको शंका हटाउँदै जीवकले आश्वासन दिंदै भन्न थाल्यो–

"महाराज ! तपाईं भयभित नहुनुस् । तपाईं अगाडि बढ्नुहोस् भहाराज ! त्यहाँ गोलाकार मण्डपमा जुन दीप बलिराखेको छ, त्यही भगवान् बुद्ध आफ्नो भिक्षुसंघका साथ विराजमान हुनु भएको छ ।"

अजातशत्रु जीवकको कुरा सुनी सतर्क हुँदै अगाडि बढ्यो । मण्डपको ढोका सामुन्ने पुगे । तर त्यहाँ पुगिसक्दा पनि केही आवाज सुन्न पाइरहेको थिएन । त्यसैले ऊ आश्चर्य चकित भए ।

जीवकको स्वर सुनियो– "महाराज ! उहाँ नै हुनुहुन्छ भगवान् । महाराज उहाँ नै हुनुहुन्छ भगवान् ।" अजात शत्रु अगाडि बढ्दै जाँदा देखे– "साँच्चिकै रुखमुनि भगवान् बुद्ध विराजमान भइराख्नु भएको थियो । उहाँको सामुन्ने वृहत भिक्षुसंघ हुनुहुन्थ्यो । अजातशत्रुले एकपटक नियालि रहे । नीरब, निशीथ, साढे बाह्रसय जागृत मानव समुदाय ! मूक ! मौन ! प्रशान्त ! प्रशब्ध ! मानो हिमालयको गहन अपत्यकाका वीचिविहीन सरोबर हो ।"

अजात शत्रु भगवान् बुद्धको समीप गई उहाँको सामुन्ने नमस्कार गर्दै बसे । उसको हृदय शान्तिले भऱ्यो । यस्तो थियो भगवान्को सान्निध्य । उनको प्रार्थना प्रति भगवान् बुद्धले धर्मको शीतल शब्द प्रस्तुत गर्नुभयो । यो सुनी अजातशत्रु श्रद्धाविभोर भए । भयमुक्त, निर्भय भए । आफ्ना पिताको हत्या नगरेको भए त्यही क्षणमा उ श्रोतापन्न हुन सक्ने थियो । पितृहन्ता भएको कारणले उ अधोगतिमा जान अनिवार्य भइसकेको थियो । परन्तु यस जन्म त सुधियो ।

यस्तो थियो भगवान्को शान्ति-प्रियता, यस्तो थियो भगवान्को शान्ति प्रदायिनी शिक्षा । यस्तो थियो भगवान्को आदर्श, शान्त भिक्षुसंघ । उहाँको सान्निध्यमा रहने व्यक्तिलाई भय कहाँ ? ■

### बुद्ध सम्बन्धी केही रोचक जानकारीहरू

- भगवान् बुद्धले अन्तिम भोजन पावामा चुन्द सुनारको हातबाट ग्रहण गर्नु भएको थियो । चुन्द सुनारनै तथागतको जीवनमा अन्तिम उपासक मानिन्छ ।
- बुद्धको अन्तिम भोजन थियो – सुकर मद्दव (=सुंगुरको मासु) *(कोही कोही सुकर मद्दवको अर्थ च्याउ वा कुनै कन्दमूल हो भनी भन्छन् ।)*
- भगवान् बुद्धसँगै परिनिर्वाण भएर जाने भिक्षुको नाउँ थियो सुभद्र । सुभद्रलाई भगवान्को अन्तिम शिष्य वा अन्तिम भिक्षु मानिन्छ ।
- बैशाख पूर्णिमाको दिन ८० वर्षको उमेरमा कुशीनगरको उपवर्तन नामक बनमा दुईता शालबृक्षको मुनि तथागत बुद्ध महापरिनिर्वाण हुनु भएको थियो । यसरी बैशाख पूर्णिमाको रात्रीको तेश्रो पहरमा उहाँले अनुपादिशेष निर्वाण (= देह त्याग (हे. २६४) प्राप्त गर्नुभयो ।
- भगवान् बुद्धको दाह संस्कार पछि बाँकी रहेका उहाँका अस्थि धातु (=हाड) जम्मा दुई प्रकारका थिए – (१) धूलो नहुने अर्थात् आकार नबदल्ने । यस अन्तर्गत दाँत, काँध र कपाल पर्छन् । (२) धूलो हुने अर्थात् दाना आकारका हुन गएका हाडहरू । यी पनि ३ प्रकारका थिए । (क) तोरी जत्रो, (ख) चामलको आधा दाना जत्रो, (ग) आधी मुंगी जत्रो । *- साभारः बौद्ध दर्पण*

# आफूलाई आफै



✍ विद्याकुमारी बज्राचार्य

पहिला आफूलाई अनुशासन सिकाऊ
अनि मात्र अरूलाई अनुशासन सिकाऊ
अरूलाई सिकाउनु छ भने केही
आफूले सिक्न खोज्नु केही
पहिला आफू उज्यालो दियो बन
अनि अँध्यारोको लागि प्रकाश बन
अरूको शरणमा जाने नगर
आफ्नै शरणमा जाने गर
सत्पुरुष बन्ने कार्य गर
विनीत बन्ने कार्य गर
अनित्य छ यो शरीर
दुःखले भरेको यो शरीर
अनित्यलाई बुझ्न सिक
त्रास र भयलाई हटाउन सिक
त्रास र भय नहुनु नै सुख
भावनाद्वारा आफूलाई बुझ्नु नै सुख ।

### बुद्ध सम्वन्धी केही रोचक जानकारीहरू

- भगवान् बुद्धको परिनिर्वाण पछि परिनिर्वाणको सातौं दिनमा उहाँको अस्थि धातुको लागि ८ देशहरू – राजगृह, बैशाली, कपिलवस्तु, कोलिय, अल्लकप्प, वेठ दीप, पावा र कुशीनगर बीच झगडा हुँदा द्रोण ब्रा≈मणँले धातु विभाजन गरी कलह शान्त पारेका थिए । उनले खुद एक टुक्रा दन्त धातु आफ्नो पगडीमा लुकाएका थिए, जुन पछि हरायो (इन्द्रले चारेको ?) । पछि उनले धातु बाँडिदिएको कुम्भ (=भाँडो) लगी चैत्य बनाए ।

*- साभार: बौद्ध दर्पण*




***पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु पुण्य (कुशल कर्म) गर्दै जानु ।***

***आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ।। यही नै बुद्धको उपदेश हो ।***

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4226625 / 4244173

## बिश्व मोटर ट्रेडर्स

अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# Reuse, Reduce, Recycle Old Robe (CIWAR)



✍ **Lekh Ratna Shakya**

Reuse, Reduce and Recycle,
Buddha taught to his disciples,
Don't think it is a trash and waste items.
This is a simple plan,
for Buddhist Bhukkshu and nun,
When the disciples asked Buddha.
Oh! beloved disciples,
If you could get a new robe,
Don't think old robe could not be used.
Buddha allowed to get new robe
The disciples got new robe,
After a few days later.
Buddha visit his disciple place,
Buddha then asked them about new robe
All disciples answer in one voice.
Oh! grat teacher,
We are happy with the new robe
So now you all have a new robe.
Now tell me,
What do you do with the old robe?
All said "we will be using old robe to make bedsheet."
B uddha again asked to tell
What they do with the old bedsheets,
They said they will make as a new curtain.
Buddha asked third question,
What do you do your old curtain?
They said "We will make to handle hot utensils"
Buddha said: Oh, What a good idea!
Tell me gentle "What you do with the old cloths"
That you have been using in the kitchen.
Monks as disciples answered,
"We will be using that cloths to mop or rag the floor,"
Buddha was very pleased.
Again, Buddha asked them,
"What do you do with that old rag
They were only small strips of cloth.
Lastly, Buddha again asked them,
What do you do with that small strips of cloth,
Oh! Lord, they are now waste.
Buddha lastly told "Good"
My beloved disciples
You had explained in cronical order of skills.

*Source: From riches to rags: The man to whom buddha gave his old robes: mahakashyapa's liberation-story by 17th Karmapa.*



## शाक्यधीता नेपाल गतिविधि

**विषय : महा सतीपट्ठान सुत्त देशना १०० औं भाग**
*स्थान- धम्महल, धर्मकीर्ति विहार धम्महल*
*प्रस्तुती- उर्मिला तुलाधर*
*२०८० साल श्रावण १८ गते, बिहिबार ।*

त्रिपिटक बिशारद श्रद्धेय पञ्ञासार महास्थविरज्यूले महासतिपट्ठान सुत्त देशना गर्नुभएको १०० भाग पुरा भएको उपलक्ष्यमा वहाँलाई सम्मान गरिएको थियो ।

यो महासतिपट्ठान सुत्त देशना कार्यक्रम शाक्यधिता नेपालको कार्यक्रम मध्ये एक हुन् ।

उर्मिला तुलाधरद्वारा सञ्चालित यस कार्यक्रममा आशन ग्रहणको कार्य सकिएपछि शाक्यधिता नेपालका उपाध्यक्ष प्रफुल्ल कमल ताम्राकारज्यूले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै यस शाक्यधिता नेपाल संस्था २०६७ सालमा श्रद्धेय धम्मवती गुरुमांको नेतृत्वमा धर्मकीर्ति विहारमा स्थापना भएको जानकारी दिनुभयो । शाक्यधिता नेपालको पहिलो अध्यक्ष श्रद्धेय मेत्तावती गुरुमां रहनुभएको र यस शाक्यधिता नेपालले धार्मिक तीर्थयात्रा लैजाने, श्रद्धेय गुरुमांहरूसँग अन्तरक्रिया कार्यक्रम परियत्ति कक्षा सञ्चालन, Leadership Training सञ्चालन गरेको र किम्डोल विहारमा अल्पकालीन ऋषिणी प्रव्रज्या गर्न भवन निर्माण हुन लागको जानकारी दिनुभयो ।

मन्तव्य व्यक्त गर्ने क्रममा शाक्यधिता नेपालका अध्यक्ष इन्दावती गुरुमांले शाक्यधिता नेपालको स्थापना भएको ११ वर्ष भएको र शाक्यधिताको अर्थ बुद्धको छोरीहरू भएको तर बुद्ध शासन चिरस्थायी बनाउन, भिक्षु भिक्षुणी, उपासक, उपासिका आदि चतु परिषद्ले मात्र बुद्ध शासन स्थायी हुने बताउनु भयो । यही क्रममा उहाँले महासतिपट्ठान सुत्त देशना कसरी सञ्चालन हुन गयो भन्ने विषयमा जानकारी पनि दिनुभयो ।

कार्यक्रममा महासत्तिपट्ठान देशना कक्षामा सहभागी हुनु भएका समुद्र देवी ताम्राकार र नोबिद शाक्यज्यूले आ-आफ्नो अनुभव बताउनु भएको थियो ।

शाक्यधिता नेपालका कार्यकारीणी सदस्य प्रेमहिरा तुलाधरज्यूले श्रद्धेय पञ्ञासार महा स्थवीरज्यूको परिचय दिनुभएको थियो भने सिलम रञ्जीतज्यूले भन्तेलाई प्रदान

*( क्रमशः पेज १९ मा हेर्नुहोला )*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*बि.सं. १९८८ पौष ८ गते, बुधवार (चतुर्दशी)*

*दिवंगत :*
*वि.सं. २०८० कार्तिक ७ गते, मंगलवार (विजया दशमी*

## दिवंगत पूर्ण कुमारी मानन्धर

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य उपासिका पूर्ण कुमारी मानन्धर ९२ वर्षको उमेरमा दिवंगत हुनुभयो । उहाँले आफ्नो जीवनकालमा कुशल कार्यहरू गरी संचित पुण्य शक्तिबाट उहाँलाई सुगति सहित निर्वाण हेतु प्राप्त होस् भनी कामना गरी पुण्यानुमोदन गर्दछौं । साथै उहाँका परिवारजनले पनि भगवान् बुद्धले देखाउनु भएको संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्म) लाई बुझी धैर्यधारण गर्न सकुन् भनी कामना गर्दछौं । भवतु सब्ब मंगलम् ।

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार, श्रीघः नघः, काठमाडौं**

# प्रव्रजित गुरुमांहरूबाट दिनभर महापरित्राण पाठ

*२०८० कार्तिक ६ गते, सोमबार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*

यसदिन धर्मकीर्ति विहारमा प्रव्रजित गुरुमांहरूबाट दिनभर महापरित्राण पाठ गरियो । उपासक केशरी सिं र सुभद्रा सिंको आयु आरोग्य एवं निरोगी कामना गरी पाठ गरिएको उक्त कार्यक्रममा दाता परिवारबाट आमन्त्रित गुरुमांहरू एवं उपासकोपासिकाहरूलाई जलपान र भोजनको व्यवस्था गरी पुण्य सञ्चय गर्नुभएका थिए ।

कार्यक्रममा आमन्त्रित गुरुमांहरूलाई दाता परिवारबाट दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए ।

**कार्यक्रममा महापरित्राण पाठ र पाठ गर्नुहुने गुरुमांहरूको नाम**

| क्र.सं. | पाठ | पाठ गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| १ | सामूहिक पाठ | सबै गुरुमांहरू |
| २ | सरणागमन - मेत्तसुत्त | वण्णवती, सुवण्णवती |
| ३ | खन्धसुत्त - धजग्ग सुत्त | पञ्ञावती, जवनवती |
| ४ | महाकस्सपत्थेर, महाचुन्दत्थेर बोज्झङ्ग सुत्त, गिरिमानन्द सुत्त र इसिगिलि सुत्त | अमता, क्षान्तिवती |
| ५ | धम्मचक्कप्पवत्तन सुत्त | शुभवती, केशावती |
| ६ | महासमय सुत्त | केशावती, खेमावती |
| ७ | आलवक सुत्त - कसिभारद्वाज सुत्त | अनुपमा, केशावती र त्यागवती |
| ८ | पराभव सुत्त - वसलसुत्त | खेमावती, दानवती |
| ९ | सच्चविभङ्ग सुत्त | श्रद्धावती, त्यागवती र इन्दावती |
| १० | आटानाटिय सुत्त (क) | दानवती, मेत्तावती |
| ११ | आटानाटिय सुत्त (ख) | अनुपमा, खेमावती, दानवती, मेत्तावती |
| १२ | सामूहिक पाठ | सबै गुरुमांहरू |

*(फोटोहरू अगाडि कभरको भित्री पेजमा हेर्नुहोला)*

## "शाक्यधीता नेपाल गतिविधि" बाँकी अंश ... ...

गरिने सम्मानपत्र वाचन गरी सुनाउनु भएको थियो ।

शासनधनज धम्माचरीय अग्गमहा गन्थवाचक पण्डित भाषाथुवाः श्रद्धेय धम्मवती गुरुमांबाट श्रद्धेय पञ्ञासार भन्तेलाई सम्मानपत्र प्रदान गर्नु भएपछि श्रद्धेय पञ्ञासार भन्तेज्यूले आफ्नो मन्तव्य ब्यक्त गर्ने क्रममा महासति पट्ठान सुत्त पढेर, लेखेर मात्रै नहुने ध्यान भावना नै गर्नुपर्ने बताउनु भयो । वहाँ श्री लंकामा २१ वर्ष बस्नु भई श्रीलंकामा अमरवंश परियत्ति, धर्मचर्या विद्या शेखर, महा विद्यालयबाट अति उच्चकोटीको त्रिपिटक बिशारद पद हासिल गर्नुभएको कुरा जानकारी गराउँदै लामो बसाईंबाट नेपाल फर्कने क्रममा वहाँको गुरुले नेपालमा गई अभिधम्म र महासत्तिपट्ठान सुत्त देशना गर्नु भनेर इच्छा ब्यक्त गर्नुभएको र गुरुको इच्छा पूरा गर्नसक्नु भएकोमा अति खुशी हुनु भएको मन्तव्य ब्यक्त गर्नुभयो ।

यस कार्यक्रममा श्रद्धेय वीर्यवती गुरुमां, वण्णवती गुरुमां र सुवण्णवती गुरुमांहरूको पनि सहभागिता रहेको थियो ।

कार्यक्रमलाई सफल बनाउन मद्दत गर्न हुने सबैलाई शाक्यधीता नेपालको कोषाध्यक्ष श्रीजना बज्राचार्यज्यूले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

*( क्रमशः पेज २० मा हेर्नुहोला )*

# श्रद्धेय रत्नमञ्जरी गुरुमांको पुण्यस्मृतिमा महापरित्राण पाठ

*२०८० कार्तिक ९ गते, बिहिबार*
*स्थान- धम्महल, धर्मकीर्ति विहार ।*

यसदिन वरिष्ठ विपश्यना आचार्य श्रद्धेय रत्नमञ्जरी गुरुमांको १७ औं पुण्य तिथिको उपलक्ष्यमा उहाँको सुगति एवं निर्वाण कामना गरी प्रव्रजित गुरुमांहरूबाट दिनभर महापरित्राण पाठ गरिएको थियो ।

श्रद्धेय रत्नमञ्जरी गुरुमांले आफ्नो जीवनमा विपश्यना साधनाको माध्यमबाट धर्मप्रचार कार्य गरी अमूल्य योगदान पुऱ्याउनु भएको छ । उहाँको यस अमूल्य योगदानलाई कदर गर्दै धर्मकीर्ति विहारमा उहाँको पुण्य तिथिमा वर्षेनी महापरित्राण पाठ कार्यक्रमको आयोजना गर्दै आइरहेको छ ।

यसदिन श्रद्धेय धम्मवती गुरुमां लगायत वीर्यवती गुरुमांले धर्मदेशना गर्नुभएका थिए । कार्यक्रममा आमन्त्रित सम्पूर्ण गुरुमांहरू लगायत उपासकोपासिकाहरूलाई धर्मकीर्ति पुलांपुचःले जलपान र भोजनको व्यवस्था मिलाई पुण्य सञ्चय गरिएको थियो ।

कार्यक्रममा उपस्थित सबै गुरुमांहरूलाई रत्नमञ्जरी गुरुमां स्मृति कोषको तर्फबाट दानप्रदान गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा रत्नमञ्जरी गुरुमांको सुगति एवम् निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको थियो ।

**कार्यक्रममा महापरित्राण पाठ र पाठ गर्नुहुने गुरुमांहरू**

| क्र.सं. | पाठ | पाठ गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| १ | सामूहिक पाठ | सबै गुरुमांहरू |
| २ | सरणागमन - मेत्तसुत्त | पञ्ञावती, जवनवती |
| ३ | खन्धसुत्त - धजग्ग सुत्त | करुणावती, ध्यानवती |
| ४ | महापस्सप्थेर, महाचुन्दत्थेर बोज्झङ्ग सुत्त, गिरिमानन्द सुत्त, इसिगिलि सुत्त | वण्णवती, प्रीतिवती |
| ५ | गिरिमानन्द सुत्त, इसिगिलि सुत्त | सुनन्दावती, वीर्यवती |
| ६ | धम्मचक्कप्पवत्तन सुत्त | शुभवती, अमता |
| ७ | महासमय सुत्त | धम्मविजया, श्रद्धा गौतमी |
| ८ | आलवक सुत्त, कसिभारद्वाज सुत्त, पराभव सुत्त र वसल सुत्त | केशावती, खेमावती |
| ९ | सच्चविभंग सुत्त | अनुपमा, श्रद्धावती |
| १० | आटानाटिय सुत्त (क) | दानवती, मेत्तावती |
| ११ | आटानाटिय सुत्त (ख) | केशावती, त्यागवती |
| १२ | सामूहिक पाठ | सबै गुरुमांहरू |

*(फोटोहरू पछाडि कभर पेजमा हेर्नुहोला)*

## "शाक्यधीता नेपाल गतिविधि" बाँकी अंश … …

पूज्य धम्मवती गुरुमांले छोटो ओवाद देशना गर्नु हुँदै सँधै राम्रो काम बुद्ध शिक्षाको लागि गर्न सकोस् भनी आशिर्वचन दिनुभयो र सिकाउने व्यक्ति नभए सिक्ने व्यक्तिहरू पनि नहुने र बुद्ध धर्म लोप भएर जानेछ भन्नुभयो । महासतिपट्ठान सुत्तले मनको आँखा खुल्ने र अभिधर्म कक्षा सञ्चालन गर्ने जाँच पनि लिने पास भएकाहरूलाई पुरस्कार पनि दिने घोषणा गर्दै अभिधम्म कक्षा सञ्चालन गर्नका लागि श्रद्धेय पञ्ञासार भन्तेज्यूलाई अनुरोध गर्नुभयो ।

अन्तमा श्रद्धेय पञ्ञासार भन्तेज्यूले पुण्यानुमोदन गरी सम्मान कार्यक्रम समापन गरिएको थियो ।

# पवित्र कथिन चीवर दान

*२०८० कार्तिक १८ गते, शनिवार*
*प्रश्तुती- इन्द्र कुमार नकर्मी, धर्मकीर्ति मिजं पुचः*

नेपालको एक ऐतिहासिक नगर पनौती, काभ्रे स्थित बुद्ध विहारमा धर्मकीर्ति मिजं पुचःको आयोजनामा पुचःका सदस्य एवम् अन्य श्रद्धालु दाताहरूबाट श्रद्धेय भिक्षु रेवतकीर्ति स्थविरको वियानुकूल वर्षावास तीन महिना पूर्ण भएको उपलक्ष्यमा श्रद्धेय भिक्षु महासंघलाई पवित्र कथिन चीवर दान कार्यक्रम सम्पन्न भएको छ। अखिल नेपाल भिक्षु महासंघका उप संघनायक भिक्षु गुणघोष महास्थविरले पञ्चशील प्रार्थना गराउनुभई शुरु भएको उक्त कार्यक्रममा अष्ट महाकुशल दानमध्ये अग्र दानको रूपमा मानिने कथिन चीवर दानको आनिशंसबारे अखिल नेपाल भिक्षु महासंघका निवर्तमान सचिव श्रद्धेय भिक्षु राहुल महास्थविरले धर्मदेशना गर्नुभयो।




उक्त कार्यक्रममा अष्ट महाकुशल दानमध्ये दोश्रो अग्र दानको रूपमा मानिने अष्ट परिष्कार दान श्रद्धालु कथिन चीवर दानका २८ जना दाताहरूबाट र अन्य २९ जना श्रद्धालु दाताहरू गरी ५७ जोर अष्ट परिष्कार श्रद्धेय भिक्षु महासंघलाई दान गरी पुण्य सञ्चय गरिएको छ।

कार्यक्रमको अन्तमा पवित्र कथिन चीवर दान कार्यक्रमको संयोजक इन्द्र कुमार नकर्मीले आमन्त्रित भिक्षु महासंघ र गुरुमां संघ प्रति कृतज्ञता ज्ञापन गर्नुका साथै बुद्ध विहार, पनौतीका कार्य समिति, श्रद्धालु दाता एवम् अन्य श्रद्धालु उपासक उपासिकाहरूलाई साधुवाद तथा धन्यवाद ज्ञापन गरी कार्यक्रम सम्पन्न भएको थियो।

अन्तमा, आमन्त्रित भन्ते गुरुमांहरूलाई दानप्रदान गरी उपस्थित सबै उपासक उपासिकाहरूलाई खाजाको व्यवस्था गरिएको थियो।

| क्र.सं. | कथिन चीवर दानको दाताहरूका नामावली | क्र.सं. | अष्ट परिष्कार दानको दाताहरूका नामावली |
|---|---|---|---|
| १ | प्रमुख दाता चन्द्रमाया महर्जन, बाफल | १ | भिक्षु रेवतकीर्ति स्थविर, बुद्ध विहार, पनौती |
| २ | इन्द्र कुमार नकर्मी, ढल्को | २ | वीर्यवती गुरुमां, धर्मकीर्ति विहार, श्रीघः |
| ३ | मयूजु प्रजापति, म्हेपि | ३ | इश्वर भगत श्रेष्ठ, बाफल |

| | | | |
|---|---|---|---|
| ४ | हेराकाजी महर्जन, बालाजु | ४ | केदार मुनिकार, वनस्थली |
| ५ | छोरीमाया महर्जन, बालाजु | ५ | श्रीराम र रमिता मानन्धर |
| ६ | कृष्ण प्रजापति, बालाजु | ६ | काजीमान स्थापित, सानोभऱ्याङ |
| ७ | शान्ति मानन्धर, ताहागल्लि | ७ | निर्मल नकर्मी, ढल्को |
| ८ | सुमना महर्जन, कालधारा | ८ | बाबुरत्न स्थापित, सोह्रखुट्टे |
| ९ | भारती श्रेष्ठ, डल्लु | ९ | समिरा महर्जन, भिमसेनस्थान |
| १० | रामकुमारी मानन्धर, बालाजु | १० | जेठा प्रजापति, बालाजु |
| ११ | मोहनदेवी मानन्धर, ठमेल | ११ | मैयाँ प्रजापति, बालाजु |
| १२ | चुनुशोभा बज्राचार्य, ढल्को | १२ | मैयाँ प्रजापति, बालाजु |
| १३ | सुभद्रा मानन्धर, सितापाइला | १३ | देवी महर्जन, इनाटोल |
| १४ | मोतिशोभा तुलाधर, असन | १४ | बिणा डंगोल, चःमति |
| १५ | शान्ति महर्जन, वनस्थली | १५ | शर्मिला मानन्धर, पनौती |
| १६ | सुजन स्थापित, मखन | १६ | पुण्यशोभा शाक्य |
| १७ | सुमि शाक्य, चमति | १७ | इश्वर मान तुलाधर |
| १८ | शान्ति शाक्य, ढल्को | १८ | शुक्रमाया धुजु |
| १९ | पद्मतारा स्थापित, न्यूरोड | १९ | पूर्णदेवी ताम्राकार |
| २० | अष्ट नारायण महर्जन, डल्लु | २० | कृष्ण प्यारी |
| २१ | पुष्प महर्जन, लाजिम्पाट | २१ | इन्द्र लक्ष्मीताम्राकार |
| २२ | पद्मकुमारी बज्राचार्य, बबरमहल | २२ | विजय लक्ष्मी मानन्धर |
| २३ | देव-रत्न स्मृतिकोष, कालधारा | २३ | सुनिता मानन्धर |
| २४ | जित नारायण महर्जन, लैनचौर | २४ | कृष्णमाया घुलु |
| २५ | नारायण लाल नकःमि, वहति | २५ | न्हुछेमाया कर्माचार्य |
| २६ | कृष्ण प्रसाद मानन्धर, ठमेल | २६ | चन्द्रमाया शाक्य |
| २७ | तारादेवी महर्जन, रामघाट | २७ | पुण्यश्वरी कर्माचार्य |
| २८ | उर्मिला मानन्धर, सितापाइला | २८ | तारा र केशरी महर्जन |
| | | २९ | शान्तराज मानन्धर, सितापाइला |

## बुद्ध सम्वन्धी केही रोचक जानकारीहरू

- अबेर आएकाले अस्थि धातु लिन नपाउने पिफलिवन देश (=पिपरहवा ?) का मौर्यहरूले बुद्धका गोल र खरानी बटुली अंगार चैत्य बनाउन लगे ।
- बुद्ध परिनिर्वाण पछि उहाँको अवशेष (र एउटा कुम्भ) राखेर जम्मा १० वटा स्तूपहरू बनाइएका थिए ।
- बुद्धको जीवनमा तलका घटनाहरू निम्नलिखित दिनहरूमा घटेका थिए –
  शुक्रबार - जन्म, शनिबार - धर्मचक्र प्रवर्तन, आइतबार - दाहसंस्कार, सोमबार - गृहत्याग
  मंगलबार - परिनिर्वाण, बुधबार - बोधिज्ञान लाभ, बिहिबार - आमाको गर्भमा प्रवेश

# २२८५ औं शस्त्र परित्याग दिवस

*२०८० कार्तिक ७ गते, मंगलवार*
*स्थान- नगदेश थिमि*

सम्राट अशोकद्वारा शस्त्र अस्त्र परित्याग गरी निशस्त्रीकरण अभियानको सूत्राधार बन्नुभएको गुणानुस्मरण गरी नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुचः नगदेशको संयुक्त आयोजनामा यसदिन २२८५ औं शस्त्र परित्याग दिवस मनाइएको समाचार प्राप्त भएको छ ।

प्राप्त समाचार अनुसार बौद्ध ल्यायम्ह पुचःका अध्यक्ष शिव भक्त मेजुको अध्यक्षतामा, कोषाध्यक्ष रत्न भक्त हाँय्जुले स्वागत मन्तव्य व्यक्त गरी सञ्चालित उक्त कार्यक्रम प्रमुख अतिथि उपमेयर श्री विजय कृष्ण श्रेष्ठले उद्घाटन गर्नुभएको थियो ।

नगदेश बौद्ध समूहका अध्यक्ष एवं मध्यपुर थिमि न.पा. वडा नं. ७ का वडा अध्यक्ष कृष्ण कुमार प्रजापतिले कार्यक्रममा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै सम्राट अशोकले कलिङ्ग युद्धबाट आफ्नो हिंस्रक कार्यको गलती महशूस गरी युद्ध मैदानमा शस्त्र परित्याग गरी "निशस्त्रीकरण अभियानको सूत्रधार" बनी बाँकी राजकीय जीवन बिना हातहतियार धार्मिक तवरले राज्य सञ्चालन गरी "महान धर्म सम्राट" बन्न सफल हुनुभएको ऐतिहासिक घटना प्रस्तुत गर्नुहुँदै सम्राट अशोकको गुणानुस्मरण गर्नुभयो ।

आफ्नो हिंस्रक एवं महत्वाकांक्षी स्वभावले मनको शान्ति भंग गर्न पुगेका सम्राट अशोकले श्रामणेर निग्रोधबाट धर्मउपदेश सुनी बुद्ध शिक्षाबाट प्रभावित उनले राज्याभिषेक प्राप्त गरेको २० औं वर्षमा बुद्ध जन्मस्थान लुम्बिनी यात्रा गरी अशोक स्तम्भ ठड्याउनु भएको ऐतिहासिक घटनालाई प्रस्तुत गर्नुहुँदै उहाँले भन्नुभयो– "बुद्ध शासन चीर स्थायी गर्न योगदान पुऱ्याउनु भएका र हिंस्रक स्वभावबाट अहिंसात्मक अभियान चलाई प्राणीमात्रलाई मैत्री, करुणा, दया राखी प्राणी वध नगर्न ठाउँ-ठाउँमा शीला स्तम्भ खडा गरी पूर्णतया धार्मिक राज्य व्यवस्था सञ्चालन गरी निशस्त्रीकरण अभियानको सूत्रधार बन्नुभएका उहाँ महान सम्राटको गुणानुस्मरण गरी हामीले "२२८५ औं शस्त्र परित्याग दिवस" मनाउँदै छौं ।

उक्त कार्यक्रममा न्यायाधिस लक्ष्मी कृष्ण श्रेष्ठ, उपमेयर श्री विजय कृष्ण श्रेष्ठ, समूहका उपाध्यक्ष बाबुराम दुवाल, समारोहका सभापति एवं बौद्ध ल्यायम्ह पुचःका अध्यक्ष शिवभक्त मेजु आदिले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

# २६०६ औं संकास्य दिवस मनाएको

नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुचः नगदेशको संयुक्त आयोजनामा नगदेश बुद्ध विहारको धम्महलमा तथागत गौतम बुद्धले सातौं वर्षावास त्रावतिंस देवभूवनमा बिताउनु भै तीन महिनासम्म माता महामायादेवी (सन्तुस्सित देवपुत्र)लाई अभिधर्म देशना गर्नु भई असोज पूर्णिमा (कतिपुन्ही) का दिन भारतको पवित्र भूमि संस्कास्यमा पदार्पण गर्नु भएको घटनाको गुणानुस्मरण गरी एवं श्रद्धेय भन्तेहरूको वर्षावास सम्पन्न भएको उपलक्ष्यमा भव्य बुद्ध पूजा गरियो । भगवान् बुद्धको २६०६ औं संकास्य पदार्पण दिवसको पूण्यमयी कार्यक्रममा श्रद्धेय थाई भिक्षु मित्र महास्थविरको श्रीमुखबाट अष्टशील पञ्चशील ग्रहण गरी शुभारम्भ भएको कार्यक्रमको अध्यक्षता बौद्ध ल्याय्म्ह पुचः नगदेशका अध्यक्ष उपासक शिव भक्त मेजुले गर्नु भयो भने स्वागत मन्तव्य बौद्ध समूहका कोषाध्यक्ष उपासक रत्न भक्त हाँयजुले दिनुभयो । श्रद्धेय भिक्षु मित्र महास्थविरले कार्यक्रमको उद्घाटन गर्नु भयो भने नगदेश बौद्ध समूहका अध्यक्ष एवं मध्यपुर थिमि न.पा. वडा नं. ७ का वडा अध्यक्ष उपासक कृष्ण कुमार प्रजापतिले बौद्ध जगतमा लोकगुरु भगवान् बुद्धको तावतिंस देव भूवनबाट संकास्य पदार्पण भएको घटना अति नै संवेजनिय घटना भएको बारे चर्चा गर्नु भयो । सो कार्यक्रममा सधन्यवाद मन्तव्य समूहका उपाध्यक्ष उपासक बाबुराम दुवालले दिनु भयो भने अन्तमा सभाध्यक्ष उपासक शिव भक्त मेजुले आफ्नो संक्षिप्त मन्तब्य सहित सभा विसर्जन गरियो र अन्तमा सामुहिक पुण्यानुमोदन गरियो ।

## दान गरेको आँखा प्रत्यारोपण गरियो

नगदेश बौद्ध समूहका सदस्य एवं नगदेश बुद्ध विहारका उपासिका तुईनानी नाय:जुको दाजु तुल्सी भक्त प्रजापतिको यही २०८० कार्तिक १० गते, शुक्रवार राती १०:०० बजेतिर ५८ वर्षको उमेरमा यस भौतिक संसारबाट सदाको निम्ति बिदा भई देहावसान भएपछि मध्यपुर थिमि न.पा.द्वारा सञ्चालित "नेपाल कोरिया मैत्री अस्पतालमा कार्तिक ११ गते, शनिवार विहान ८:०० बजेतिर दुवै आँखा तिलगङ्गा आँखा अस्पतालका चिकित्सक हस्ते दान गरी दान उप-पारमिता कार्य सम्पन्न गरियो।

सो दान गरेको आँखा मध्ये एउटा आँखा विराटनगर निवासी ३४ वर्षीया "मेहता" थरकी महिलालाई प्रत्यारोपण गरियो भने अर्को आँखा सप्तरी जिल्ला निवासी ६४ वर्षीय "यादव" थरका प्रौढ व्यक्तिलाई सफल प्रत्यारोपण भएको तिलगङ्गा आँखा अस्पतालबाट बुझ्िन आएको छ। सो पुण्यमयी दान कार्यानुभावद्वारा मृतक प्रजापतिको सद्‌गति र निर्वाण कामना यस समूहले गरेको छ। निब्बानस्स पच्चयो होतु।

## संयुक्त राष्ट संघका महासचिव लुम्बिनीमा

२०८० कार्तिक १४ गते, मंगलवार, लुम्बिनी।

नेपाल भ्रमणका लागि आउनु भएका संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले कार्तिक १४ गते मंगलवार लुम्बिनी भ्रमण गर्नुभएको समाचार छ। प्राप्त समाचार अनुसार लुम्बिनी भ्रमण गर्नुहुने राष्ट्र संघका महासचिवहरू मध्ये उहाँ छैठौं महासचिव हुनुहुन्छ। अन्य पाँचजना महासचिवहरू यसरी हुनुहुन्छ– डयाग ह्यामरस्कोल्ड, ऊ. थान्त, ज्याभियर पेरेज डि कुइयार, कर्ट वाइल्ड हाइम र बानकी मुन।

स्मरणिय छ सन् १९६७ को अप्रिलमा महासचिव ऊ थान्त (बर्मी) ले लुम्बिनी भ्रमण गर्नुहुँदा त्यसबेलाको लुम्बिनीको अब्यवस्थित, लथालिङ्ग अवस्थालाई देखी ज्यादै दु:खी हुनुभएको थियो। त्यसैले उहाँले तत्कालिन राजा महेन्द्र समक्ष लुम्बिनीको महत्वलाई प्रस्तुत गर्नुहुँदै यस पवित्र स्थलको विकास कार्य थाल्नु पर्ने प्रस्ताव राख्नुभएको थियो। सोही प्रस्ताव मनन गरी जापानका प्रख्यात आर्किटेक्चर प्रा. केन्जो टांगेले लुम्बिनी विकासको लागि गुरुयोजना तयार गर्नुभएको थियो।

बुद्ध जन्मभूमी लुम्बिनीको महत्वलाई थाहा नपाई वेवास्ता गरी फ्याँकिएको अवस्थालाई हटाउन बिउँझाईदिनु भएका ऊ थान्तको गुणानुस्मरण गर्नु हाम्रो कर्त्तव्य नै देखिन्छ। सोही गुणलाई कदर गर्दै उहाँ पछिका संयुक्त राष्ट्र संघका हरेक महासचिवहरूले लुम्बिनी भ्रमण गरिरहनु भएको देखिन्छ।

भनिन्छ गुरुयोजना अनुसार ८५% विकास कार्य सम्पन्न भएको छ लुम्बिनीको। जेहोस् लुम्बिनी क्षेत्रको हालको प्रगतिले ऊ थान्तको देनलाई सम्झाइरहेको छ।

महासचिव गुटेरेसले लुम्बिनीको शान्तिदीप देखि मायादेवी मन्दिरसम्म पैदल भ्रमण गरी यस पवित्र स्थल प्रति श्रद्धा व्यक्त गर्नुभएको थियो।

### बुद्ध सम्वन्धी केही रोचक जानकारीहरू

**बुद्ध जीवनीसाग सम्बन्धित पूर्णिमाहरू निम्नप्रकार छन् –**

बैशाख पूर्णिमा - जन्म; बोधिज्ञान लाभ; महापरिनिर्वाण; कपिलवस्तुमा बुद्धको प्रथम आगमन।
जेष्ठ पूर्णिमा - कपिलवस्तुमा महासमय सूत्र देशना।
आषाढ पूर्णिमा - सिद्धार्थ गर्भ धारण; गृहत्याग; धर्मचक्र प्रवर्तन; श्रावस्तीमा ऋद्धि प्रदर्शन; त्रायतिंश भूवनमा आमालाई उपदेश (?) आश्विन पूर्णिमा - त्रायतिंशबाट संकाश्यमा झर्नु भएको (?)
कार्तिक पूर्णिमा - अजातशत्रू सर्वप्रथम बुद्धको शरणमा (सारिपुत्र परिनिर्वाण)
पौष पूर्णिमा - बुद्धको सर्वप्रथम राजगृह आगमन। माघ पूर्णिमा - मारलाई परिनिर्वाण हुने वचन दिनुभएको। फागुन पूर्णिमा - बुद्धको प्रथम पटक कपिलवस्तुतिर प्रस्थान।

*- साभार: बौद्ध दर्पण*




दिवंगत श्रद्धेय रत्नमञ्जरी गुरुमां

# श्रद्धेय रत्नमञ्जरी गुरुमांको पुण्यस्मृतिमा महापरित्राण पाठ



सामूहिक पाठ गर्नुहुँदै श्रद्धेय धम्मवती गुरुमां प्रमुख अन्य गुरुमांहरू




सरणागमण-मेत्तसुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू पञ्ञावती र जवनवती




खन्ध सुत्त - धजग्ग सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू करुणावती र ध्यानवती




महाकस्सपत्थेर-महाचुन्दत्थेर सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू वण्णवती र प्रीतिवती



गिरिमानन्द सुत्त र इसिगिलि सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू सुनन्दावती र वीर्यवती




धम्मचक्कप्पवत्तन सुत्त पाठ गर्नुहुँदै श्रद्धेय गुरुमांहरू शुभवती र अमता



महासमय सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू डा. धम्मविचय र श्रद्धागौतमी




आलवक सुत्त - वसल सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू केशावती र खेमावती




सच्चविभङ्ग सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू अनुपमा र श्रद्धावती



आटानाटिय (क) पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू दानवती र मेत्तावती



आटानाटिय (ख) सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू केशावती र त्यागवती